जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक २५, २०७५ साल असोज १९ गते शुक्रबार, नेपाल संवत् ११३८ (Oct. 5, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## विस्थापित सुस्ताबासी काठमाडौंमा

काठमाडौं । कालापानी र सुस्ताको गीत गाएर जनता जगाउनेहरु नै अहिले सत्तामा रहेका छन् । सत्ता बाहिर हुँदा गीत गाउनेहरुले सत्तामा पुगेपछि मिचाहाहरुसँगै मित लगाएका कारण सुस्ताबासी जनता ठूलो विपत्तिमा परेका छन् । सुस्ताको अतिक्रमित भूमिमा भारतले नेपाली आवतजावत गर्ने बाटो बन्द गरिदिएपछि सुस्ताबासी न्यायको गुहार **बाँकी ८ पेजमा**

## सिकेविरुद्ध प्रबासी नेपाली


काठमाडौं । नेपालको पछिल्लो राजनीतिक घटनाक्रमबारे अमेरिकाको पेनसिल्भ्यानिया राज्यका नेपाली मूलका अमेरिकी युवाहरुले एक विज्ञप्ति प्रकाशित गरी 'हामी नेपाल टुक्रिन दिन्नौं' अभियान थालेका छन् । नेपालको मधेसी मूलका युवा सम्मिलित जय साहको नेतृत्वमा गठित यस अभियानले आफूलाई गैरराजनीतिक भएको दाबी गरेको छ । उनीहरुले नेपालमा जातीय तथा क्षेत्रीय **बाँकी ८ पेजमा**

# आँधीअघिको सन्नाटामा मुलुक

देशमा यतिबेला आँधीअघिको सन्नाटा छाएको छ । नागरिक सुरक्षाको स्थिति भयावह बनेको छ । राजधानीभित्रै पूर्व राजदूतको हत्या हुन्छ तर हत्यारा पत्ता लगाउन गृह प्रशासन सक्दैन । कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्त बलात्कारपछि मारिइन् तर प्रहरी प्रशासन सबुत प्रमाणहरु नष्ट गरेर हत्यारालाई लुकाइरहेको छ । सुदूर पश्चिम अहिले पनि आन्दोलित छ। चार वर्षे बालिकादेखि ७३ वर्षीया वृद्धा यौन हिंसाका सिकार भइरहेका छन् । यौन हिंसाको घटना नघटेको सायद कुनै दिन छैन । नारी अस्मितामाथि यति बिघ्न धावा ओली सरकारकै समयमा बोलिनु यसले सामाजिक सुरक्षाप्रति सरकारी संवेदनहीनतालाई उजागर गर्छ ।

बडादशैं, तिहार र छठजस्ता चाडबाडहरुका पूर्वसन्ध्यामा सर्वसाधारण जनताको भान्सा महँगो भएको छ । तरकारीको सिन्डिकेट यथावत छ। दाल, चामल, चिनीलगायत दैनिक उपभोग्य वस्तुहरुको मूल्य अकासिएको छ। बजारमा हस्तक्षेप गर्ने, महँगी नियन्त्रण गर्ने सवालमा सरकार उदासीन देखिएको छ । मूल्य नियन्त्रण गर्न बजारमा उपस्थिति देखिनुपर्ने खाद्य संस्थान, नेसनल ट्रेडिङ लिमिटेड भ्रष्टाचारले जर्जर बनेका छन् । सुपथ मूल्य पसल केही खोलिदिएर विगतका सरकारकै परम्परालाई सरकार धानिरहेको छ । उपभोग्य वस्तुहरुको मूल्य तोक्ने, हरेक पसलमा मूल्य सूची अनिवार्य टाँस्न लगाउने, उपभोक्तासँग बढी मूल्य लिने व्यापारीलाई कारबाही गर्ने, बजार अनुगमनलाई तीव्रता दिने कुरामा सरकार जाँगर देखाइरहेको छैन ।

सरकारी कुनै पनि निकाय त्यस्ता छैनन् जहाँ अनियमितता र भ्रष्टाचार नभएको होस् । बेला बेलामा नापी मालपोतका खरदार सुब्बा समातेर भ्रष्टाचार हेर्ने अख्तियारी प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफ्नो कर्तव्य पूरा गरिरहेको छ । सरकारी स्तरमा हुने नीतिगत भ्रष्टाचारलाई अख्तियारले छुन सक्दैन। अनियमितताामा दोषी देखिएका दिगम्बर झालाई सरकार विद्युत् प्राधिकरणमा पुनर्नियुक्ति गर्छ । वाइड बडी विमान खरिदमा सुगतरत्न कंसाकारले कमिसन ठग्ने हुन् कि भन्ने डरले मदन खरेललाई नेपाल वायुसेवा निगमको अध्यक्ष बनाइएको छ । एउटै



संस्थामा दुईजना कार्यकारी प्रमुख नियुक्त गर्नुको औचित्य पर्यटन मन्त्री रविन्द्र अधिकारीले पुष्टि गरिरहन पर्दैन । पुनर्निर्माण प्राधिकरणमा सुशील ज्ञवालीबाहेक अर्को योग्य र दक्ष नेतृत्व सरकारले देखेन । निलकण्ठ उप्रेतीलाई भारतका लागि नेपाली राजदूत नियुक्त गरेर सरकार विवादमा तानिएको अर्को पाटो स्मरणीय छ ।

देशको हालत लथालिंग छ तर प्रधानमन्त्री, मन्त्रीहरु र उच्च पदस्थ सरकारी अधिकारीहरु सरकारी खर्चमा विदेश भ्रमणमा रमाइरहेका छन् । संयुक्त राष्ट्र संघको महासभामा भाग लिन भारत, पाकिस्तानले आफ्ना परराष्ट्र मन्त्रीलाई पठाए । **बाँकी ८ पेजमा**

## मर्मतको पर्खाइमा सीमा स्तम्भ



काठमाडौं । नेपाल र भारतका सीमा क्षेत्रका सीमा स्तम्भहरु जीर्ण बन्दै गएका छन् । राणा प्रधानमन्त्री जंगबहादुरले स्थापना गरेका मूल स्तम्भ (जंगेपिलर) लगायत सहायक पिलरहरु कतिपय ठाउँमा भारतीय पक्षले उखेलेर फ्याँकेका छन् भने कतिपय ठाउँमा सीमा स्तम्भ मर्मत सम्भारको पर्खाइमा छन् । बाँकेको ६५ किलोमिटर सीमा भारतसँग जोडिएको छ । बाँके-दाङको सिमानादेखि बाँके-बर्दियाको सिमानासम्म ६५ किलोमिटर भारतसँग जोडिएको छ । ६५ किलोमिटर लामो सीमामा ३२ वटा मुख्य र दुई सय ७५ सहायक गरी ३ सय सात सीमा स्तम्भ छन् । जसमध्ये चार मुख्य र पाँच सहायक सीमा स्तम्भ हराएका छन् । ती सीमा स्तम्भ पुरिएको

हुनसक्ने अनुमान गरिएको छ । अस्तित्वमा रहेकामध्ये पनि केही स्तम्भ जीर्ण बनेका छन् । मुख्य चार र २१ सहायक स्तम्भ तत्काल पुनर्निमाण गर्नुपर्ने अवस्थामा रहेको सीमा सशस्त्र प्रहरीका एसपी भेजबहादुर शाहले बताए । पछिल्लोपटक २०७४ पुस ८ गते भारतको विभागीय टोलीले सीमा स्तम्भ सर्भे गरेको थियो । मर्मतसम्भार अभावमा सीमा स्तम्भ जोखिममा परेको स्थानीय बासिन्दा बताउँछन् । जीर्ण सीमा स्तम्भ तत्काल पुनर्निर्माण गर्न **बाँकी ८ पेजमा**

# नुवाकोटमा मालेको संकल्प अभियान

विदुर । हामी फेरि उठ्नेछौं भन्ने दृढ संकल्पका साथ राजनीतिक सुदृढीकरणको यात्रामा मुलुकभर संकल्प अभियानको कार्यक्रममा जुटेको नेकपा (माले) ले गत १४ गते नुवाकोटको विदुरमा जुलुस प्रदर्शन तथा जनसभा सम्पन्न गरेको छ । बट्टार बजारदेखि माले नेता कार्यकर्ता तथा स्थानीय जनसमुदायसहितको जुलुस नारा लगाउँदै पम्प्लेट वितरण गर्दै विदुरको पिपल चौतारोको चोकमा पुगेर सभामा परिणत भएको थियो ।

जनसभालाई सम्बोधन गर्दै पार्टीका पोलिटब्युरो सदस्य कृष्ण रानाले सरकारका गलत रवैयाको विरोध गर्नुभयो । उहाँले नुवाकोट जाने बाटोको दुरावस्थाको चर्चा गर्दै नुवाकोटबाट निर्वाचित जनप्रतिनिधिहरुले यसबारेमा एक शब्द नबोलेको बताउनुभयो । उहाँले भोट माग्दा आश्वासन दिएको वृद्धभत्ता पाँच हजार पुऱ्याउने कुरा दुईतिहाईको सरकारले हावामा उडाएको भन्दै मुलुकमा चौतर्फी हत्या, हिंसा र बलात्कारका घटना बढेकोप्रति सरकार गैरजिम्मेवार र लाचार भएको बताउनुभयो । निर्मला पन्त हत्या प्रकरणमा गृहमन्त्रीले दिएको हास्यास्पद र लाचार जवाफले सरकारको हैसियत नांगो भएको टिप्पणी गर्नुभयो । मूल्यवृद्धि, कर वृद्धिको भारीले जनतालाई थिचेर नेताहरु मोजमस्ती र विदेश सयरमा भुलिरहेका छन् भन्नुभयो ।

राष्ट्रियताको सवालमा चर्चा गर्दै नेता रानाले भारतीय सुरक्षा प्रमुखले नेपालको राष्ट्रियता र स्वाभिमानमाथि धावा बोल्दा ओली सरकार मौन बसेर हदैसम्मको लाचारी प्रस्तुत गरेको भन्दै नेपाली भूमिमाथिको अतिक्रमण, कालापानी, लिपुलेक, सुस्ता जस्ता समस्यामा सरकार एक शब्द नबोलेकाले यो सरकारबाट **बाँकी ८ पेजमा**

## जागरण अभियानमा अखिल पाँचौं

काठमाडौं । नेपाली राष्ट्रियताको संरक्षण र शिक्षामा आमूल परिवर्तनको लागि कलम तारा अंकित लालझन्डा बोकेर लामो समयदेखि संघर्ष गर्दै आएको अनेरास्ववियु -पाँचौं) राष्ट्रिय जागरण अभियानमा जुटेको छ । असोज १० गते गौशाला चोकमा विभिन्न कलेजबाट आएका विद्यार्थी तथा स्थानीय जनसमुदायबीच कोणसभा गर्दै राष्ट्रिय जागरण अभियानको औपचारिक घोषणा गरिएको छ । 'राष्ट्रिय स्वाधीनताको रक्षा र शैक्षिक विकृति विरुद्ध हाम्रो अभियान' मूल नाराका साथ थालिएको जागरण अभियानलाई मुलुकभर लैजाने जानकारी अनेरास्ववियु -पाँचौं) का अध्यक्ष घनश्याम मिश्रले दिएका छन् ।

राष्ट्रिय जागरण अभियानको सिलसिलामा सीमा बचाउ अभियान साथै विभिन्न ठाउँमा कोणसभा र जनसभा गर्दै आम विद्यार्थी र जनतालाई जागरुक बनाइनेछ । संगठनका विभिन्न कमिटीहरुको सम्मेलन पुनर्गठन गर्दै विद्यार्थीहरुलाई गोलबद्ध गरी नयाँ सदस्यता समेत वितरण गर्दै संगठनलाई थप सुदृढ, गतिशील र सशक्त बनाउँदै लगिनेछ ।

सरकारले गरेका राष्ट्रघाती क्रियाकलापको भण्डाफोर गर्ने, अस्वाभाविक ढंगको मूल्यवृद्धि र करको बोझले थिचिएका आम जनताको पक्षमा आवाज बुलन्द गर्ने, चौतर्फी भइरहेको महिला हिंसा, बलात्कार **बाँकी ८ पेजमा**

## काठमाडौंमा जर्मन एकता दिवस



काठमाडौं । पूर्व र पश्चिम जर्मनीबीच २८ वर्षअघि एकता भई सिंगो जर्मनीको पुनःउद्भव भएको दिन अक्टोबर ३ तारिखको अवसरमा काठमाडौंस्थित जर्मन दुतावासले एक कार्यक्रमको आयोजना गऱ्यो । उपराष्ट्रपति नन्दबहादुर पुनको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा नेपालमा राजनीतिक, आर्थिक, सामाजिक तथा **बाँकी ८ पेजमा**

## विपन्न महिलालाई सहयोग



काठमाडौं । कैलाली जिल्ला घोडाघोडी नगरपालिकाकी ७५ वर्षीय विपन्न महिला पवित्रा वि.क दमको बिमारी भई खर्चको अभावमा उपचार गर्न नसकेको जानकारी टेकबहादुर वि.क.मार्फत सुरेन्द्र ढकाल प्रतिष्ठानमा आएको सन्दर्भमा प्रतिष्ठानले गत असोज १२ गते शुक्रबार रु १५००० प्रदान गरेको छ । उक्त रकमको चेक प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले सोही दिन टेकबहादुर वि.क.लाई हस्तान्तरण गर्नुभएको थियो । बिमारी महिला पवित्रा वि.क. अहिले काठमाडौंमा उपचार गराइरहनुभएको छ ।

## व्यापारघाटा सवा २ खर्ब

काठमाडौं । आयातको तुलनामा निर्यात वृद्धिदर उच्च हुँदै जाँदा नेपालको व्यापारघाटा झन्झन् बढ्दै गएको छ । गएको दुई महिनामा मात्रै नेपालले २ खर्ब २७ अर्ब रुपैयाँ बराबरको व्यापारघाटा व्यहोरेको छ । नेपालले आफ्नो उत्पादन क्षमता बढाउन सकेको छैन । तर उपभोग भने बढिरहेको छ । यसले गर्दा व्यापारघाटा उच्च रहेको आर्थिक विश्लेषकहरु बताउँछन् । यद्यपि उत्पादकत्व बढाउने गरी मालवस्तुको आयात उच्च भएकाले व्यापारघाटाबाट चिन्तित हुनु नपर्ने कतिपयको भनाइ छ । **बाँकी ८ पेजमा**

समय-सन्दर्भ

## आफैं बनाऔं अप्पर कर्णाली आयोजना

**सुधा कार्ले**

नेपाल ब्राजिलपछि विश्वको दोस्रो जलस्रोत भएको राष्ट्र हो । प्रारम्भिक अनुमानअनुसार नेपालसँग ८३ हजार मेगावाट विद्युत शक्ति उत्पादन गर्ने क्षमता भएका नदीहरु छन् । तर पनि नेपालले आजसम्म १००० मेगावाट पनि उत्पादन गर्न सकेको छैन । भारतबाट महँगोमा बिजुली आयात गरी देशलाई लोडसेडिङबाट मुक्त गऱ्यौं भन्दै शासक वर्गहरु आफ्नो अक्षमता लुकाउँदै गर्वले छाती फुलाइरहेका छन् अनि अचेत नेपाली जनता उनीहरुकै वाह वाह गरिरहेका छन्, हरेक चुनावमा उनीहरुलाई जिताइरहेका छन् ।

अर्कोतर्फ नेपालमा आमरुपमा जलविद्युतको विकास भई नेपाल समृद्धितर्फ लाग्ला अनि पूर्वी जर्मनीका जनताले बर्लिनको पर्खाल भत्काई पश्चिममा मिल्न गएजस्तै टिस्टा काँगडाका जनता सीमा भत्काउँदै




नेपालमा मिल्न जालान् भन्ने डरले भारतले नेपालको समृद्धि र विकासको प्रक्रियालाई विभिन्न तिकडमबाजी अपनाई अवरुद्ध गरेको छ ।

२३ वर्षअगाडि सम्झौता भएको पञ्चेश्वर जलविद्युत योजना राष्ट्रघाती योजना भएको र यसले एकतर्फी रुपमा भारतलाई विगतको कोसी गण्डकी आयोजना जस्तै फाइदा पुऱ्याउने हुँदाहुँदै पनि आजसम्म यो योजनाको कार्यान्वयन सुरु हुने लक्षण देखिएको छैन ।

त्यस्तै अर्को योजना अप्पर (माथिल्लो) कर्णाली जलविद्युत योजना हो । निकै कम लागतमा बनी ९०० मेगाबाट बिजुली उत्पादन गर्ने यो योजना नेपालको सबैभन्दा ठूलो आयोजना हो । नेपालको सुर्खेत, अछाम र दैलेख जिल्लाको संगमस्थलमा बन्ने यो योजना अन्तर्राष्ट्रिय प्रतिष्पर्धाको आधारमा भारतको जिएमआर कम्पनीलाई दिने **बाँकी ८ पेजमा**

## भारतमा चर्किंदै किसान आन्दोलन

काठमाडौं । भारतमा किसान आन्दोलन चर्किएको छ । भारतीय किसानहरुले किसानका समस्याहरु समाधानका लागि केन्द्र सरकारलाई घचघच्याउने उद्देश्यले हरिद्वार-नयाँदिल्ली पदयात्रा गरेका छन् । 'किसान क्रान्ति' नाम दिइएको सो पदयात्रा रोक्ने केन्द्र सरकार र उत्तर प्रदेश सरकारको प्रयास अन्ततः नाकाम भएको छ ।

भारतीय किसान युनियनका प्रवक्ता युद्धवीर सिंहले सरकारसँग ११ सूत्रीय माग राखेको जानकारी दिएका छन् । किसानका ७ वटा माग सम्बोधन गर्न सरकार सहमत भए पनि किसानहरुले आन्दोलन रोक्न मानेका छैनन् । अन्य चारवटा माग पूरा नगरिएसम्म आन्दोलन नरोक्ने किसान नेताहरुले प्रस्ट पारेका छन् । दिल्ली प्रवेश गर्न लागेका किसानलाई प्रहरीले दिल्ली उत्तर प्रदेश सीमामा बल प्रयोग गरेपछि किसान युनियन **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रण गर

हरेक वर्ष दशैंको समयमा मूल्य वृद्धिको चर्चा हुने गरेको छ । दशैं, तिहार, छठ जस्ता नेपाली जनताले उत्साहजनक ढंगले मनाउने चाडपर्वका बेला व्यापारीहरूले आफ्नो व्यापार बढाउने अवसरका रूपमा उपयोग गर्ने गरेका छन् । चाडपर्वको बेला साविकभन्दा कयौं गुणा बढी दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, फलफूल, मिठाइ, मासुजस्ता वस्तुको व्यापार हुने गरेको छ । लामो समयदेखि मौकाको पर्खाइमा बस्ने व्यापारीहरूले व्यापार सँगसँगै मूल्य समेत बढाएर उपभोक्तालाई मारमा पार्ने गरेका छन् । मूल्य वृद्धिको अनुपातमा जनताको क्रय शक्ति बढेको छैन । आम्दानीभन्दा बढी मूल्य खर्च गर्नुपर्दा उपभोक्ता ऋणको बोझले थिचिने गरेका छन् ।

अहिले चिनीको मूल्यवृद्धिले बजारमा ठूलै चर्चा पाएको छ । १५ दिनअघि ७० रूपैयाँ प्रतिकेजीमा पाइने चिनी अहिले ८५ पुगिसकेको छ । चिनीको मूल्य वृद्धिमा सधैंभरि ठूलो खेल हुने गरेको छ । मुलुकभित्र सञ्चालित चिनी मिलहरू सस्तो भारतीय चिनी भित्रिएका कारण आफ्नो उत्पादन गोदाममा थन्क्याउनु परेको बताउँछन् । उता चिनी मिलहरूले किसानसँग उधारोमा लिएको उखुको मूल्य भुक्तानी नदिएका कारण किसानहरू उखु खेतीको विकल्प खोजिरहेका छन् । चिनी मिल र किसानबीचको लामो समयदेखि चल्दै आएको भुक्तानीसम्बन्धी विवाद सुल्झाएर किसानलाई उखु खेतीको विकल्प खोज्नुपर्ने बाध्यताबाट मुक्त गरिनुपर्छ । चिनीमा आत्मनिर्भर हुन सक्ने पर्याप्त सम्भावना भए तापनि पर्दा पछाडिका फोहोरी खेलहरूले गर्दा देशभित्रका चिनी मिलमा ताला लाग्ने अवस्था आएको छ भने विदेशबाट आयातित चिनी महँगो मूल्यमा खरिद गर्नुपर्ने अवस्थामा उपभोक्ता रहेका छन् । चिनीको बर्सेनिको रडाको मेटाउन किसान, उद्योगी र उपभोक्ता सबैको हित हुने गरी राज्यले नीति निर्माण गर्न आवश्यक छ ।

यसैगरी अहिले पेट्रोलियमको समेत मूल्यवृद्धि भएका कारण सवारी भाडा र ढुवानी भाडासमेत वृद्धि भएको छ । ढुवानी भाडाको कारण देखाएर पनि उपभोग्य वस्तुमा मूल्य बढाउने गरिन्छ । खाने तेल, दाल, चामल, पिठो, तरकारी, फलफूलको मूल्य एक्कासी बढेको छ । हरेक दशैंमा मासुको मूल्यवृद्धि हुँदै आएको छ । यसपल्ट पनि मूल्य वृद्धि हुने मासु व्यवसायी बताउँछन् । भान्सामा अनिवार्य उपस्थिति जनाउने आलुको मूल्यले उपभोक्ता तर्साउने काम गरिसकेको छ । राम्रो आलु १६० देखि २०० सम्म प्रतिधार्नी भन्न थालिएको छ । सबै खाले साग र हरियो तरकारीको मूल्य पनि छोइनसक्नु अवस्थामा पुगेको छ ।

बढ्दो मूल्य नियन्त्रण गर्ने बहानामा विभिन्न समयमा सरकारी अनुगमन टोलीहरू बजार समेत पुग्ने गरेका छन् । तर ती अनुगमन टोलीले एक दुईवटा काम गरेर मिडियाबाजी गराउनुबाहेक मूल्य नियन्त्रणको लागि ठोस काम गर्न सकेका छैनन् । कृषिमन्त्रीसहितको टोलीले कालीमाटीमा तरकारी बजारका बिचौलियाविरूद्ध कारबाही अगाडि बढाए पनि त्यसलाई किनारामा नपुऱ्याई बीचैमा छोडिदिएकाले तरकारी बजारमा कुनै परिवर्तन आउन सकेको छैन । मूल्य नियन्त्रणका लागि सरकारले गतिलो संयन्त्र बनाउन आवश्यक छ । त्यसैगरी किसानलाई आफ्ना उत्पादन सहज ढंगले बजारमा पुऱ्याउन स्थानीय निकायले संयन्त्र बनाएर सहयोग पुऱ्याउनुपर्छ । स्थानीय निकायको दायित्व जनतालाई कर उठाएर आफूले मोज गर्ने मात्र होइन । जनताका उत्पादनलाई सहज बजारीकरण गर्ने संयन्त्रको निर्माण गरी सहयोग पुऱ्याउनु पनि हो । अहिले कतिपय कुखुरा उत्पादक किसानले बजारमा आफैं बिक्री केन्द्र खोलेका कारण कुखुराको मासुको मूल्य तुलनात्मक रूपमा सरल रहेको छ । खसी, बोका उत्पादक किसानहरूलाई पनि समूह मिलाएर मासु पसल खोल्न प्रोत्साहन गर्ने हो भने मासुको मूल्य नियन्त्रणमा सहयोग पुग्न सक्छ । आयातित खाद्यान्न, लत्ताकपडाको मूल्य नियन्त्रण गर्न भन्सारमा तोकिएको मूल्यको आधारमा अनुगमन गरेमा सहज हुनेछ । कृत्रिम अभाव खडा गर्न गोदाममा मालवस्तु लुकाउने ठूला व्यापारीका गतिविधिमाथि पनि सरकारले ध्यान दिन जरूरी छ । मूल्य नियन्त्रणका सबै उपाय प्रयोग गरेर सरकारले जनतालाई महँगीको मारबाट जोगाउने दायित्व बहन गर्न सक्नुपर्छ ।

# अबको निकास के त ?




**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

नेपालको इतिहासमा राजनीतिक स्थायित्व ती बेलामा थिए जुनबेला राष्ट्र एउटै उद्देश्यमा केन्द्रित थियो । पृथ्वीनारायणले जब नेपालको एकिकरण गर्ने उद्देश्य राखी कार्य सुरु गरे त्यसमा उनका उत्तराधिकारी पनि लागि परे जस्को फलस्वरुप सन १८१४ सम्म आउँदा विशाल नेपाल बन्यो । यदि नेतृत्व एकै उद्देश्यमा केन्द्रित हुँदैनथ्यो भने त्यो सफलता हासिल हुने थिएन । तर सुगौली सन्धिपछि जब नेपालले लड्नुपर्ने शत्रु कोही रहेन नेतृत्व षडयन्त्रकारी बन्यो । त्यस क्रममा भीमसेन थापा, रणजंग पाँडे, माथवर सिंह थापा, गगन सिंहहरु मारिदै गए । अन्त्यमा कोत र भण्डारखाल पर्वरुपी भारदारहरुको आम हत्यासँगै निरंकुश शासन गर्ने उद्देश्यसहित राणा शासनको अभ्युदय भयो । परिवारभित्र षडयन्त्र र जनतामाथि निरंकुशता लाद्ने यो व्यवस्था आफ्नो एकल उद्देश्यमा सफल भएकै कारण यो १०४ वर्षसम्म टिक्यो । २००७ सालमा प्रजातन्त्र त आयो तर यो हाँक्ने नेतृत्व देशमा देखा परेन जस्को फलस्वरुप २०१५ सालसम्म पनि राजनीतिमा स्थायित्व आएन । राजनीतिक नेतृत्वमा भएको खडेरीकै कारण शासनमा राजा हाबी भए । २०१५ सालको प्रथम निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्यायो । प्रतिपक्षीमा रहेको गोरखा दलसमेत गएर कांग्रेसमा मिलेपछि त्यो दुईतिहाईभन्दा पनि बढीको बहुमत भएको सरकार बन्यो । प्रचण्ड बहुमत नै राजनीतिक स्थायित्वको प्रथम शर्त हुन्थ्यो भने नेपाली जनताले २०१७ सालमा राजाले नेतृत्व गरेको पंचायत व्यवस्था भोग्नु पर्दैनथ्यो होला । किन सकेन कांग्रेसले कुशल रुपमा बहुदलीय व्यवस्थालाई सर्वमान्य किसिमबाट व्यवस्थित गर्न ? बहुदलमा राष्ट्रिय प्रजातन्त्र मान्ने तर राजनीतिक दलबीचको प्रजातन्त्र (Inter Party Democracy) र दलभित्रको प्रजातन्त्र (Intra Party Democracy) नमान्ने अनि राजनीतिक दलका नेताहरु निरंकुश र पदलोलुप हुने प्रवृत्तिको विकास हुन जाँदा राजा महेन्द्रले कांग्रेस पार्टीका महासचिव तुलसी गिरी र कम्युनिस्ट पार्टीका महासचिव केशरजंगलाई आफनो पक्षमा पार्न सकेकै कारण बहुदलीय व्यवस्था जन्मदा जन्मदै मृत्युको मुखमा पर्न पुग्यो । पंचायत ३० वर्ष किन चल्यो भन्दा यसले राजनीतिमा निरंकुशता, सीमित आर्थिक विकासको जुन उद्देश्य राखेको थियो त्यसलाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिले साथ दिएको कारण सफल हुन पुग्यो । २०३६ सालको जनमत संग्रह सम्पन्न गरी आफनो पक्षमा जनमत देखाउनु, पूर्वपश्चिम राजमार्ग सम्पन्न गरी भौगोलिक रुपमा राष्ट्रको अखण्डता बलियो बनाउनु, शान्ति क्षेत्रको प्रस्तावको पक्षमा विश्वका ११६ राष्ट्रबाट समर्थन लिन सक्नु, थोरै भए पनि मित्रराष्ट्रहरुको सहयोगमा औद्योगिक विकास पूर्वाधार तयार गर्न सक्नु निरंकुश पंचायत व्यवस्थाको उपलब्धि नै थियो ।

प्रजातन्त्रविना पूर्ण सामाजिक आर्थिक विकास सम्भव छैन भन्ने जनमत देशभित्र बन्दै गएको र दक्षिण एसियाली क्षेत्रीय राजनीतिमा त्यही मत बलियो भएको मौका छोपी शुरु भएको आन्दोलनको कारण २०४६ सालमा पंचायत ढल्यो । २०४७ सालमा संविधान बन्यो, त्यही संविधानअनुरुप भएको निर्वाचन फेरि उही नेपाली कांग्रेसले बहुमत हासिल गऱ्यो । अनि फेरि उही इतिहास दोहोरियो । यसले राजनीतिक दल बीचको प्रजातन्त्र (Inter Party Democracy) र दलभित्रको आन्तरिक प्रजातन्त्र (Intra Party Democracy) दुवैलाई व्यवस्थित गर्न सकेन, गिरिजाको निरंकुशता विरुद्ध कांग्रेसभित्रै छत्तिसे समूहले विद्रोह शुरु गरे अनि देश मध्यावधिमा गयो जसको फलस्वरुप भएका निर्वाचनमा जनताले कसैलाई बहुमत नदिँदा न राजनीतिक स्थायित्व आयो, न विकास भयो, पंचायतभित्र रहेको भ्रष्टाचार, नातावाद, फरियावादको रोग एकपछि अर्को गर्दै सबै राजनीतिक दलमा सऱ्यो । नेताको अनुहार चिल्लो अनि जनताको अनुहार दयनीय हुने परम्पराको अन्त्य नहुँदा देश जनयुद्धमा धकेलियो । जनयुद्धको जगमा नेपालमा सर्वप्रथम संविधानसभाले संविधान लेख्यो, एकात्मक सरकार संघीय सरकारमा बदलियो, त्यस संविधानअनुरुप भएको निर्वाचनमा आफूलाई राष्ट्रवादी र जनजीविकाको पक्षपोषक भन्ने वामपन्थीहरुले पहिलोपटक नेपालको इतिहासमा प्रचण्ड बहुमतका साथ चुनाव जितेर देशको शासन चलाइरहेको अवस्था छ अहिले । साँच्चीकै सुशासन र विकास गर्ने हो भने यिनीहरुलाई कसले रोक्न सक्छ ? कसैले पनि सक्तैन । तर देशमा भइरहेको बलात्कार र हत्या, विकास योजना भएका भ्रष्टाचार र ढिलासुस्ती, मन्त्रीको र अन्य राजनीतिक नियुक्तिमा भएको नातावाद, कृपावाद र फरियावादको कारण संघीय गणतन्त्र असक्षम सावित भई फेरि दलबीचको प्रजातन्त्र (Inter Party Democracy) र दलभित्रको आन्तरिक प्रजातन्त्र (Intra Party Democracy) दुवै भड्खालोमा परेको छ । ४७ सालमा कांग्रेसलाई ५ वर्ष राम्ररी शासन गर भनेर जनताले दिएको जनादेश कांग्रेसलाई अपच हुँदा देश मध्यावधिमा गएको थियो अब त्यस्तै अपच कम्युनिष्ट भनाउँदाहरुलाई भइरहेको समसामयिक राष्ट्रिय राजनीतिले देखाइरहेको छ । यस परिप्रेक्ष्यमा कि त निरंकुशता कि मध्यावधिको बादल नेपाली आकाशमा मडारिन थालिसकेको छ । बहुमत दलभित्रै प्रचण्डको भारत भ्रमणमा भारतको चाख चीनको वेवास्ता, प्रम ओली देशमा नभएको बेला भइरहेको माधव नेपालको चलखेलले कांग्रेसको छत्तिसेलाई पनि माथ गर्ने कम्युनिष्टहरुको बहत्तरे समूह सिर्जना हुनुले सत्तारुढ दल विखण्डनको दोसाँधमा पुग्दा देश पुनः मध्यावधिमा नजाला भन्न सकिन्न ? अनि के देश खाली निर्वाचन गरेरै मात्र बस्ने ? विकास नगर्ने ? भन्ने प्रश्न त उब्जिहाल्ला । अनि यसको जवाफ सत्तारुढ कम्युनिष्टले दिन सकेन भने जनताले सत्ता बाहिर रहेका कम्युनिष्ट वा अन्य दललाई साथ दिए भने के स्थिति होला ? यस परिप्रेक्ष्यमा के चाहीँ प्रमाणित हुन्छ भने बहुमतले मात्रै राजनीतिक स्थायित्व हुँदो रहेनछ भनेर । अनि प्रजातन्त्रले राजनीतिक स्थायित्व र विकास ल्याउन सक्तैन भने पुनःनिरंकुशता आउँदैन भन्ने ग्यारेन्टी कसले दिने ? कि त व्यवस्थाको असफलतासँगै देश पनि डुब्नु पऱ्यो होइन भने अबको निकास के त ?

# हुने बिरुवाको चिल्लोपात छ छैन ? आफैं हेरौं



**जगदीश लामिछाने**
रौतहट, पौराई

विकसित फूलहरु सुवास छर्दछन् (कोपिला र ओइलिएका फूलले नछर्नु बेग्लै कुरा हो । बालख, वृद्ध र रोगीहरुले काम गर्न सकेनन् भनी हामीले हेला गर्नु हुँदैन । त्यसैगरी अनुशासन अर्थात् आफ्नो र आफ्ना परिजनको गरिखाने वातावरण बनाउन दिइने शिक्षाको लागि सैनिक, प्रहरी र शिक्षालय तथा घरमै पनि अनुशासन नामको दुरुपयोग गरेर मान्यजनको अपमान अथवा अति सुख सुविधा खोज्ने रोगीहरुकै कारण घरपरिवार गरिब, छुच्चो तथा निर्दयी हुन्छ । आम्दानी घटदै जान्छ र कलह समेत बढ्ने हो । यो रोगले सैनिक प्रहरीका हाकिमहरु केही तलबजीवीलाई घरमा नोकर जस्तै काम पनि लगाउँछन् । यस्तो प्रवृत्ति घरपरिवार तथा कार्यालयहरुबाट पनि घटाउँदै लैजानुपर्छ । किनभने सम्पूर्ण विश्वमा कम्युनिस्ट अथवा प्रजातान्त्रिक भेदरहित विकास भएको कारण एउटै हो जहाँ परिश्रमलाई मान्यता दिइन्छ, त्यो घर देश समाज तथा आफैं विकसित हुन्छ । परिश्रमलाई परित्याग गर्ने ठालुहरु स्वतः गरिब हुँदै जान्छन् यो ध्रुवसत्य नै छ । हामीले नारीलाई त्यसै महिला नाम राखेका होइनौं । यो पूजाको अर्थमा छ । यी परिश्रमी भएरै भनिएको हो । सुन्दरता बाघ र सर्पमा पनि हुन्छ उनीहरुको महत्व भिन्नै छ ।

(१) सम्पूर्ण नगर गाउँ तथा क्षेत्रीय कार्यालयहरु : वर्तमान संविधानअनुसार देशभरका गाविस तथा नगरपालिकाहरुमा रकम पठाइएको छ । कर्मचारीहरु नेपाल सरकारले खटाएकै छ । कैयौं स्थानीय कार्यालयजस्तो शिक्षा स्वास्थ्य आदि जिम्मा लगाइएको छ । तर त्यताबाट आएका खबर सुखद छैनन् । खटाएका कर्मचारीलाई साम दामको प्रयोग गरी काम लगाउनुपर्थ्यो, बेठिक काम गरेमा दण्ड दिने अधिकार छँदैछ । भैरहेका नियम कानुन पनि उनीहरुबाटै जान्न पाइन्थ्यो । यी कुरा छोडेर कति स्थानीय निकायले कर्मचारी फिर्ता पठाउने संघीय अधिकार खोस्न प्रयास गर्ने गर्न लागेका खबर आएका छन् । उता कर्णाली जस्तो उद्यमशील, चुटुक राडीपाखी निर्माणकर्ता राणाकालमै पनि हुलाकमा मार्सी चामल प्रतिदिनै पठाउने क्षेत्र अहिले मार्सी धान आदि स्थानीय उत्तम उत्पादन छोड्दै गएर विलासी र परिश्रमलाई हेला गर्ने बन्दै गएको सुन्नु परेको छ । तराईतिरका ठालु तन्त्रको विलासिता पनि यस्तै छ । परापूर्वकालदेखि स्थानीय निकायले फोहोर संकलन गर्ने संसारभरको चलन पनि देखेको नदेख्यै गरी काठमाडौं महानगरले पनि फोहोरबाट मोहोर बनाउँदैन । ७५ प्रतिशत मोहोर संकलन गर्दैन, विदेशीले नै फाइदा लिन्छन् ।

(क) नेपालीको काम नेपालीबाटै न.पा.हरुले लगाउँ, विदेशीलाई दिँदा न.पा.ले अनुमतिपत्र दिएर लगाइ कानुन पुऱ्याइ मात्र दिउँ । विदेशी भारतीय आदि धेरै फोहोरका काम गरी पैसा कमाउँछन् । तिनलाई एउटा अनुमति मात्र दिएर पारिश्रमिक नेपाल सरकारको नियमानुसार बैंकबाट दिने गरेमा भारत सरकारले आफ्ना नागरिकको विप्रेषण पाउँथ्यो । यसैको अर्को पाटो भारतमा पनि नेपालीलाई यसै गर्ने प्रेरणा भई नेपालकै पनि विप्रेषण बढ्ने थियो-

(ख) यस्तो नगरी हुँदैन भनी आफ्नो नियम नगर गाउँमा तुरुन्तै नेपाल सरकारले पनि लागू गराउनैपर्छ । यसबाट नेपालको र भारतको दुवै हित एकै पटक हुन्छ । अहिले प्रबुद्ध समूहको संयुक्त निर्णय बुझ्न भारत सरकारले ३ महिनामा १ घण्टा पनि दिन गाह्रो मान्यो भन्ने भनाइमा घैंटामा घाम लाग्छ कि ? हाम्रा चोरी ज्यान खुला सीमाकै कारण धेरै क्षति छ । अहिले भर्खरै मोरङमा विद्यालय सञ्चालक मारेर भारतमै गायब भए । यस्तो अवस्थामा भारतमै रकम पठाउने आफ्नो निर्णय कडाइका साथ नेपालले प्रयोग गराउन कसर राख्नु हुँदैन । अप्रत्यक्ष रुपमै खुला सीमा बन्द गर्न मद्दत पुग्छ ।

(२) केही वर्तमान दृश्यहरु : नेपाल कम्युनिस्ट पार्टीका महासचिव विष्णु पौडेलको अन्नपूर्ण पोस्ट दैनिक १५ असोजको माधव नेपाल समर्थन-आलोचना अन्तर्वार्ता पनि देखियो । त्यसै पत्रिकामा अघिल्लै दिन पनि माधव नेपाल वरिष्ठ नेताले चाहिँ माओवादी समस्या आफ्नो पालामा समाधान, योगदान गरेको दाबी आदि देखिएकै हो । बलात्कार मात्र भन्नुभन्दा ज्यानमाराकै खोजी गर्नुपर्ने गृहमन्त्री रामबहादुर थापाको रोइलो पनि कञ्चनपुरकी मृत बालिकामाथि सहानुभूति नै छ । यी र यस्ता ज्यान मुद्दा पत्ता नलाग्दा केपी ओली प्रधानमन्त्री पनि रनभुल्लमै हुनुहुन्छ । नेपाली रेल मेची महाकालीमै दगुर्नु राम्रो हुन्छ । भारत तथा चीनलाई व्यापार गर्न मात्र दिएर नेपालमा विदेशी सामान आयातको आर्थिक नोक्सानी घट्ने होइन । नेपालीले आफ्नै उत्पादन विदेश निर्यात गर्दा बीचका दलालभन्दा बढी उत्पादकहरुले फाइदा पाउने काम त्यही आफ्नै रेल मोटरले गरिदिएपछि मात्र देश समृद्ध हुन्छ । यतातिर आशा मात्र युगयुगमा गरियो सफल हुनैपर्छ । हत्त न पत्त आफ्नै बूढीगण्डकी चिनियाँ ठेकेदारलाई जिम्मा लगाएर उसैले तुरुन्तै बनाउँछ भन्नुभन्दा एउटा सानु घटनामा नेपाल भारतकै भरमा छ भनी भारतीय सेनापतिले भर्खरै भनेको नेपाल कम्युनिस्ट पार्टीले सुनेर भारत तथा चीन दुवै देशबाट नेपाल झस्कनैपर्ने प्रमाण धेरै छन् । नेपालले आफ्नो सन्तुलित परराष्ट्र नीति अभाव हटाउनैपर्छ ।

(३) नेपालका सबै विश्वविद्यालयका कुलपति प्रधानमन्त्री नै हुनाले- नेपाली पुरानो त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयले आपसमा छिर्के दाउ खेल्ने होइन, दुवैले हिमवत संस्कृति नेपालको माया गरेको देखिनुपर्छ । जस्तै नेपाली हित समर्थक डा. गोविन्द केसीसम्बन्धी चिकित्सा विधेयक भर्खरै किन संसदमा पास भएन ? दोस्रो संस्कृतले आफ्नो आयुर्वेद पढाइमा प्रयोगशाला भारतमै गराउन चिन्तित र बाध्य किन छ ? संस्कृतका विद्वानहरु आफ्ना संकल्पमा 'हिमवत पर्वतैक नेपाल देशे' नभनेर 'भारत वर्षे किन भन्छन् ? अहिले यत्ति सोधौं...।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–१८

समाजशास्त्री एङ्गेल्सले सामाजिक अनुसन्धानको क्रममा अस्ट्रेलियाका आदिवासीहरूमा पाइएको सामूहिक विवाहबारे भनेका छन्– "सामूहिक परिवारका सबै रूपहरूमा बालकका बाबु को हुन् भन्ने थाहा हुँदैन, आमा मात्र थाहा हुन्छ ।सबै आमाहरूसामूहिक परिवारका सबै केटाकेटीलाई छोराछोरी मान्छन् र तिनीहरूप्रति मातृ-कर्तव्य पालना गर्छन्, तापनि आफ्ना साक्खै छोराछोरीहरू को हुन् भन्ने कुराचाहिँ उनी छुट्याउन सक्छन् । यसबाट प्रस्ट हुन्छ– जहाँ सामूहिक विवाह प्रचलनमा छ, त्यहाँ आमाको तर्फबाट वंशक्रम निर्धारित हुन्छ । त्यसै कारण नारी वंशानुक्रमले मात्र मान्यता पाएको हुन्छ ।" (परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति, पेज ५१)

विश्व समुदायले आधुनिक सामूहिक परिवार पद्धतिआत्मसात् गरेपछि वा व्यवहारमा त्यो लागू भएपछि मानव समाज शान्त र सुन्दर हुन्छ । जसको सङ्केत महान्एङ्गेल्सले दिएका छन्– "सामूहिक विवाह अर्थात् विवाहको त्यो रूप, जसमा पुरूषहरूको पूरै समूहले नारीहरूको पूरै समूहसित स्वतन्त्र यौन सम्बन्ध राखेको हुन्छ, जहाँ ईर्ष्याले कुनै स्थान पाउँदैन ।" (उही, पेज ४३)

'सामूहिक विवाह' शब्द सुनेर कतिपय मानिस (मार्क्सवादीसमेत) आश्चर्य मान्न सक्छन् त कतिपयले यो शब्दलाई घृणा वा उपेक्षा पनि गर्न सक्छन् । ती व्यक्तिहरूलाई हामी अमेरिकी महान् समाजशास्त्री लुइस मोर्गनको 'आदिम परिवार', महान्समाजशास्त्री दार्शनिक मार्क्स, एङ्गेल्सको अन्तिम अभिलाषा पूरा गर्ने साहित्य 'परिवार निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' गम्भीरतापूर्वक अध्ययन गर्न सुझाव दिन्छौं र वर्तमान समाजको यथार्थलाई ऐनामा हेर्न अनुरोध पनि गर्छौं ।अब मानव जातिले 'एकनिष्ठ परिवार' को ठाउँमा आधुनिक 'सामूहिक परिवार' अपनाउने कि नअपनाउने ? तर्कसङ्गत रूपले भन्ने हो भने यो अहम् सवालभित्र विश्वका तमाम जनताको भाग्य र भविष्य लुकेको छ । विज्ञानले अरू सम्पूर्ण क्षेत्र (यान्त्रिक, वनस्पति, जीव, भूगर्भ, खगोल, रसायनजस्ता अनेक जगत्) मा उच्चतम प्रगति र उन्नति गरे र मानव जाति त्यसबाट लाभान्वित भएभने अब मानवजातिले सामाजिक जगत्मा पनि विज्ञानलाई उपयोग गर्ने कि नगर्ने ? यो भय र त्रासमा जाग्राम बस्न बाध्यधरतीले हरेक व्यक्तिहरूसँग प्रश्न गरिरहेछ ।

सामूहिक विवाहको महत्त्व बुझ्न र त्यसको नियम पत्ता लगाउन लामो समयसम्म अध्ययन, मनन र परिश्रमको दरोकार पर्ने बताउँदै एङ्गेल्सलेख्छन्– "सामूहिक विवाह, जुन अझ पनि अस्ट्रेलियाका वर्गहरूबीच प्रचलित छ, प्रायः सम्पूर्ण महाद्वीपभरि नै छरिएका पुरूषहरूको पूरै एक वर्गको त्यत्तिकै व्यापकरूपमा छरिएका नारीहरूसितको विवाह हो र यसको गम्भीर विश्लेषण गर्ने हो भने यो प्रथा गलतहोइन, जति वेश्यालयको दृष्टिले हेर्ने बानी परिसकेका हाम्रा कुपमण्डुकहरूको कल्पनामा यो कुरा देखा परेको छ ।

क्रमशः

# मैले देखेको छैसठ्ठीऔं विश्व सम्पदा : हेलसिन्कीको उस्पेन्स्की क्याथेड्र्ल

सुरेन्द्र ढकाल


अगाडिबाट हेर्दा उस्पेन्स्की क्याथेड्र्ल यस्तो देखिन्छ


माथिबाट हेर्दा पूरै क्याथेड्र्ल यस्तो देखिन्छ



क्याथेड्र्लको गुम्बज भित्रबाट हेर्दा यस्तो देखिन्छ



क्याथेड्र्लको गुम्बजमुनिको दलिनमा रहेका कलाकृतिहरू


क्याथेड्र्लको कलात्मक भित्री भाग यस्तो रहेछ


चर्चभित्रको थियोटोकसको चित्र


क्याथेड्र्ल भित्रको सेन्ट निकोलसको मूर्ति

हेलसिन्कीको क्रनुनहाकास्थित हेलसिन्की क्याथेड्र्ल हेरिसक्दा दिनको १ वजेको थियो । बाँकी समय हेलसिन्कीकै अर्को महत्वपूर्ण उस्पेन्स्की क्याथेड्र्ल हेरी रात्री रेलबाट फिनलैण्डको अर्को शहर टाम्पेरे जाने योजना मुताविक म त्यता तिर लागे । हेलसिन्की क्याथेड्र्लबाट एक किलो मिटर भन्दा अलि वढीको दुरीमा रहेछ यो क्याथेड्र्ल । त्यसैलै म पैदलै त्यता तिर लागे । विस्तारै हेलसिन्की शहर हेर्दै, फोटो खिच्दै जादा म ४५ मिनेटमा त्यस क्याथेड्र्ल पुगे ।

**उस्पेन्स्की क्याथेड्र्ल**

यो क्याथेड्र्ल फिनलैण्डकै मुख्य पूर्वीय अर्थोडक्स चर्च रहेछ । यो भर्जिन मेरी (थियोटोकस) मा समर्पित क्याथेड्र्ल रहेछ । थियोटोकस नाम स्लाभोनिक शब्द उस्पेन्सीबाट आएको रहेछ जस्को अर्थ चीर निद्रा, मृत्यु वा समाधी भन्ने बुझिदो रहेछ । क्राइष्टकी माता भर्जिन मेरी यस चर्चभित्र चीर निन्द्रामा रहेको कारण यस क्याथेड्र्लको नाम पनि उस्पेन्सी भनेर राखिएको रहेछ । यो चर्चको डिजाइन रसियन वास्तुविद आलेक्सी गोर्नोस्ताभेभले गरेका रहेछन ।

सन् १८६२ मा आलेक्सीको निधन भएपछि यो चर्चको निर्माण कार्य शुरू भई ६ वर्ष याने सन १८६८ मा सम्पन्न भएको रहेछ । यस चर्चको छिडी तला (क्रिप्ट) भने आलेकजेण्डर होटोभिज्च्कीको नाममा राखिएको रहेछ जो सन् १९१४ देखि १९१७ सम्म यसै चर्चमा भिकार रहेछन । तीनतिरबाट पानीले घेरिएको काटायानोक्का थुम्कोमा रहेको यस चर्चको परिसरबाट हेर्दा हेलसिन्की शहर ओझेलमा पर्ने रहेछ ।

चर्चको पछाडिपट्टि भित्तामा रसियन बादशाह अलेक्जेण्डर द्वित्तीयको बारेको धातुपत्र (प्लाक) टाँसिएको रहेछ । यिनैको पालामा पनि फिनलैण्ड रसियाको शासन अन्तर्गत रहेछ र फिनलैण्डको शासन हेर्नको लागि भनेर यी रसियन बादशाहले ग्राण्ड डची नियुक्त गरेका रहेछन् र उनैको पालामा यो चर्च बनेको रहेछ ।

यस चर्चभित्र अवलोकन योग्य वस्तुहरूमा १९औं शताब्दीको सेन्ट निकोलासको मूर्ति पर्दो रहेछ । पहिले यो मूर्ति फिनलैण्डको भिवोर्गमा राखिएको रहेछ तर दोस्रो विश्व युद्धको समयमा यसलाई यस चर्चमा ल्याई स्थापित गरिएको रहेछ । यसलाई संरक्षणको खातिर शिशाको घरभित्र राखिएको रहेछ ।

अर्को दर्शनयोग्य वस्तु भनेको थियोकोटस कोजेल्टशान याने भर्जिन मेरीको चित्र रहेछ । यस चर्चलाई पश्चिम युरोपकै सबैभन्दा ठूलो अर्थोडक्स चर्च मानिदो रहेछ । यस चर्चमा वार्षिक ५ लाखभन्दा बढी पर्यटकहरू अवलोकन गर्न भनी आउँदा रहेछन् । यस चर्चको अवलोकन गरिसकेपछि मेरो हेलसिन्कीमा हेर्नुपर्ने अरू केही भएजस्तो नलागेकोले म फिनलैण्डको अर्को शहर टाम्पेरेतर्फ प्रस्थान गर्ने उद्देश्यले रेलवेस्टेशनतर्फ लागें ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरू

- मासिक बीस हजार रूपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नुपर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनुपर्ने,
- पचास हजार रूपैयाँभन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनुपर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनुपर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नुपर्नेमा सो नगरे पाँच सय रूपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# चिया कफी धेरै वर्जित



'जोकोहीले चिया तथा कफी पिउँदैमा फरक पर्दैन, 'पोषणविद् केपी लम्सालले वास्तविकता बताए, 'चार कपभन्दा बढी भयो भने समस्या देखापर्छ। कसैकसैलाई त दुई कप खानसाथ निद्रा लाग्दैन । गर्भवतीले त चार कप पनि खान हुँदैन ।' चिया, कफीको मात्रा बढी भयो भने निद्रा लाग्दैन । मुटुको चालसमेत तल-माथि हुन्छ ।

'आइरन कमी हुनेले त चिया कफी पिउनै हुँदैन,' पोषणविद् लम्सालले सुझाए, 'यसले आइरन शरीरमा सोस्न दिँदैन । त्यसैले खाना खानु एक घन्टाअघि वा पछाडिमात्रै चिया तथा कफी पिउने गर्नुपर्छ । चिया तथा कफीमा भएको क्याफिनले शरीरमा आइरन सोस्न दिँदैन ।' खानासँग कागती खानु लाभदायी हुन्छ। कागतीले खानामा भएको आइरन सोस्न मद्दत गर्छ । खानेकुरा त्यही हो, कुनै खाँदा फाइदा गर्छ, कतिपयले नोक्सानी गर्छ ।

दूध हालेको चिया पिउनु भनेको विषादि खाए बराबर हो भन्ने गरिन्छ । 'यस भनाइमा अर्धसत्यता छ,' उनले थपे, 'दूध हालेको चिया खाँदा एसिडिटी बढ्छ । दूधमा क्याल्सियमको मात्रा धेरै हुन्छ । प्रोटिन पनि हुन्छ । प्रोटिनसँग क्याल्सियम बायन्ड भएर क्यासिनेट बन्छ । हामीले प्रयोग गर्ने सिटिसी चियामा क्याफिन हुन्छ । क्याफिन र क्याल्सियम मिलेर क्याल्सियम क्यासिनेट नामक पदार्थ बन्छ । क्याल्सियम क्यासिनेट अम्लीय प्रकृतिको हुन्छ । त्यसले एसिडिटी बढाउँछ ।'

बेलुका अबेरसम्म बस्नु पर्यो भने चिया तथा कफी पिउने नेपालीको बानी नयाँ होइन । निद्रा लाग्यो भने चिया कफी पिउने गरिन्छ । क्याफिनले ब्रेनलाई एक्टिभेट गराउने भएकाले राति अबेरसम्म बस्नुपर्ने बाध्यता हुनेले चिया कफीको सहारा लिने गर्छन् ।

चिया कफीको तुलनामा ग्रीन टी पिउनु फलदायी हुन्छ । ग्रीन टी पिउँदा रक्तचापमात्रै होइन, मोटोपनसमेत घटाउँछ भन्ने गरिन्छ । यो भनाइ व्यावहारिक हुँदै होइन। ग्रीन टीमा एन्टिअक्सिडेन्ट हुन्छ। 'ग्रीन टी पिउँदैमा उच्च रक्तचाप घट्ने होइन,' उनको भनाइ छ, 'तर, ग्रीन टीमा भएको एन्टिअक्सिडेन्ट पदार्थले शरीरका सेलहरूलाई मर्न दिँदैन । ग्रीन टीले रिफ्रेससमेत गराउँछ ।'

जुनसुकै खानेकुरा बढी खाए राम्रो गर्दैन । फलदायी हुन्छ भनेर ग्रीन टी धेरै पिए त्यसले पनि असर पुर्याउँछ । 'दैनिक १५-२० कप ग्रीन टी पियौं भने राम्रो गर्दैन,' पोषणविद् केपी लम्साल भन्छन्, 'तर, हामी त्यति त पिउँदैनौं ।'

*साभार : रातोपाटी*

# एक दिवसीय अभ्यास वर्ग



काठमाडौं । प्राज्ञिक विद्यार्थी परिषद् नेपाल काठमाडौं महानगर इकाईको एक दिवसीय अभ्यास वर्ग सम्पन्न भएको छ । नेपालको एक मात्र स्वतन्त्र विद्यार्थी संगठन प्राज्ञिक विद्यार्थी परिषद नेपालले काठमाडौं महानगर इकाईको एक दिवसीय अभ्यास वर्ग आयेजना गरेको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथिमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र नेपालका डाइरेक्टर प्रा.डा.केदार शर्मा, अतिथि नेपाल प्रहरी नायव उपरीक्षक डा. तपनकुमार दाहाल, विद्यार्थी परिषद्का राष्ट्रिय संगठन सचिव नारायणप्रसाद ढकाल, प्रदेश अध्यक्ष फूलप्रसाद सुवेदी, प्रदेश सचिव कृष्णप्रसाद हुमागाई, महानगर सहसचिव वीरबहादुर खडका, महानगर छात्रा प्रमुख तथा कार्यक्रम संयोजक संगिता श्रेष्ठको उपस्थिति रहेको थियो ।

कार्यक्रममा परिषद्का राष्ट्रिय सचिव छितराज न्यौपाने तथा राष्ट्रिय साहित्य तथा कला प्रमुख सुरेन्द्रप्रसाद जोशी, केन्द्रीय सदस्य आयुष भट्ट, इपर्सा पोखरेल साथै विद्यार्थी परिषद्का सदस्यहरुको उपस्थित रहेको थियो ।

कार्यक्रम प्रा.डा. केदार शर्मा लगायत मञ्चमा आशिन अतिथिहरूले सरस्वती माताको फोटोमा दीप प्रज्वलन गरेर उद्घाटन गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि डा. शर्माले राष्ट्रका लागि युवाले के काम गर्न सक्छन भन्ने विषयमा युवाहरूलाई उत्पेरणा गर्नु भएको थियो । उहाँले युवा भनेको उर्जा हो र उर्जालाई राष्ट्रहित मा लगाउनुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रममा तपनकुमार दाहालले राष्ट्रिय सुरक्षामा युवाको भुमिका कस्तो हुनुपर्छ भनेर कार्यक्रम उपस्थित युवाहरूलाई जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा अभ्यास वर्गको प्रशिक्षण सत्रमा परिषद्का राष्ट्रिय संगठन सचिव नारायणप्रसाद ढकालले ६ वटै नगरबाट आउनु भएका नगर समितिका प्रत्यक २ जना कार्यकर्ताहरूलाई विद्यार्थी परिषद्को बारेमा आफूले जानेका कुरा बोल्न र आ(आफ्नो नगरको आगामि कार्यक्रमको बारेमा कार्ययोजना प्रस्तुत गर्न लगाउनु भएको थियो । साथै उहाँले परिषद्को लक्ष्य, उद्देश्य, दृष्टिकोण, र हाम्रो सिद्धान्तको बारेमा सम्पूर्ण कार्यकर्तालाई प्रष्ट पार्नु भएको थियो । त्यसैगरी कार्यक्रममा उपस्थित नगर समितिका कार्यकर्ताहरूलाई दायित्व अलग अलग तीन भागमा विभाजन गरी दायित्वबारे चर्चा गरिएको थियो ।

कार्यक्रमको समापनमा परिषद्का प्रदेश अध्यक्ष फूलप्रसाद सुवेदीले काठमाडौं जिल्ला सदस्य तथा काठमाडौं महानगरको २७ सदस्यीय समितिको दायित्व घोषणा गर्नुभएको थियो । परिषदिका कार्यकर्ता संगिता श्रेष्ठको संयोजकत्वमा संम्पन्न भएको अभ्यास वर्गमा ६ वटा नगरका २० वटा कलेजबाट ७८ दायित्ववान कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

हिन्दुहरूको महान पर्व
**बडादशैंको**
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना अर्पण गर्दछौं ।

**नीलमणि बराल**
उपाध्यक्ष

**वीरबहादुर ठकुन्ना**
कोषाध्यक्ष

**राजेन्द्र पौडेल**
सदस्य सचिव

तथा
समाज कल्याण परिषद् परिवार

visit nepal 2020 Lifetime Experiences

पर्यटन

# पर्यटक तान्दै हिल स्टेशन




काठमाण्डौ । ३ नम्बर प्रदेश सरकारले प्रदेशका १० स्थानलाई हिल स्टेशनको रुपमा विकास गर्ने भएको छ । उद्योग, पर्यटन र वन तथा वातावरण मन्त्रालयले १० वटा हिल-स्टेसनको छनोट गरेको छ। ३ नम्बर प्रदेश अन्तरगतका मुडे, जिरी, शिवालय, खुर्कोट(सिन्धुलीगढी), भीमफेदी, चित्लाङ, कुलेखानी, ककनी, रुबी भ्याली, सोमदह लगायत १० उच्च स्थानलाई हिल स्टेसनको रुपमा घोषणा गरिएको छ ।

प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुण नेपालले प्रदेशका १३ जिल्लालाई लक्षित गर्दै १० वटा हिल स्टेसन बनाउन लागिएको बताए ।

हिल-स्टेसनमा एक भ्युटावर, एक होमस्टे, एक सामुदायिक लज, बगैंचा, मनोरञ्जन घर र कोसेली घर निर्माण गरिने मन्त्री नेपालले बताए । उनका अनुसार छनोट भएका हिल-स्टेसनको पूर्वाधारहरू निर्माण गर्न प्रदेश सरकारले ३० करोड रुपैयाँ बजेट विनियोजन गरिसकेको छ । प्रदेशको पर्यटन मन्त्रालयले आन्तरिक एवम् बाह्य पर्यटकलाई आकर्षित गर्न स्थानीय तहसँग समन्वय गरेर पर्यटकीय क्षेत्रको विकास गर्ने पर्यटन मन्त्री नेपालले बताए। प्रत्येक स्टेसनमा ३ करोड खर्च हुने अनुमान गरिएको छ ।

यसैबीच, ३ नम्बर प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले भीमफेदी, इन्द्रसरोबर र थाहा नगरपालिकामा बन्ने हिल स्टेशन कम्प्लेक्सको शुभारम्भ गरेका छन् । सो कार्यक्रममा बोल्दै मुख्यमन्त्री पौडेलले प्रदेशका १० वटा स्थानमा हिल स्टेशन विकास गर्न प्रदेश सरकारले योजना शुरु गरिसकेको बताए । पर्यटकलाई घुम्न आउने वातावरणको लागि सबैले आ-आफ्नो ठाउँको विकासमा सहयोग गर्न मुख्यमन्त्री पौडेलले आह्वान गरेका थिए ।

हिलस्टेशन कम्प्लेक्स शुभारम्भ कार्यक्रममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुण नेपाल, आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेल, आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दार्जे लामाको सहभागिता रहेको थियो ।

त्यसैगरी उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति रमा आलेमगर, प्रमुख सचिव आनन्दराज ढकाल, नीति तथा योजना आयोगका सदस्य श्याम बस्नेत, जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलाल, थाहा नगरपालिकाका मेयर लवसेर विष्ट, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, ईन्द्र सरोबर गाउँपालिकाका अध्यक्ष जीवन लामालगायत सहभागि थिए ।

# मुलुक साझा बनाउन राष्ट्रिय सोच आवश्यक

**– संगीता रेग्मी**

जनताले बनाएको संविधान लागू गर्न सिंगो देश लागेको छ । असमझदारी, फरक बुझाई र सुधारको खाँचो हुँदा हुँदै पनि यो संविधानले वैद्धता पाएको तीन वर्ष पुग्यो । संशोधन, पुनर्लेखन वा सुधारका सबै सम्भावना जिवितै छ । जनताको आवश्यकता र मुलुकको भविष्यलाई आधार बनाएर जहिले र जति पटक पनि संशोधन गर्न सकिन्छ । तर, संविधान संशोधनको बालहट गरेर मुलुकमा सामुदायिक दुरी, भावनात्मक प्रहार, नागरिकबीच बेमेल र मुलुकको अखण्डतालाई धरापमा पार्ने अधिकार कोहीसँग हुनुहुँदैन । संविधानको आडमा नेपाल र नेपालीलाई प्रहार गर्ने जो कोहीलाई पनि कानुनको दायरा ल्याएर कारवाहीको पात्र बनाउन सक्नुपर्छ ।

नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र सहितको व्यवस्थामा संविधान लागू गराउन लाखौं नेपालीले आफ्नो जन धनको आहुति दिएका छन् । पटक-पटकको आन्दोलनमा नेपालीहरू मारिएका छन् । हिंसात्मक राजनीति र क्षेत्रीय चिन्तनका कारण नेपाल भावनात्मक रूपमा क्षतविक्षत पनि भएको छ । राजनीतिको नाममा जातीय, क्षेत्रीय, वर्गीय र धार्मिक कारोबारहरू पनि नफस्टाएको होइन । अधिकारको नाममा गैरराजनीतिक पात्रहरू मारिएका छन् । हजारौं सिन्दुरहरू पुछिएका छन्, सयौं काखहरू रित्तिएका छन् र राजनीतिक पीडितहरू असहज जीवन बिताउन समेत बाध्य छन्। यति धेरै त्याग, बलिदान र तपस्याका बाबजुद प्राप्त भएको संविधानमा गर्व गर्नुपर्ने आधारहरू पनि थुप्रै छन् । द्वन्द्वलाई राजनीतिक आधार मान्नेहरूको भिड बढ्दै गएका कारण संविधान भित्र रहेका असल कुराहरू असल नियतले जनसमक्ष पुग्न सकेन । कमसल कुराहरू खराब नियतले जनसमक्ष पुर्‍याएर नवीन घाऊहरू बनाएर नेपालीलाई नेपालीका विरूद्ध भिडाउने प्रयासहरू अविरल छ ।

राष्ट्रिय छवि र राष्ट्रिय संरचना बनाइसकेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपालले अब राष्ट्रिय चरित्र पनि बनाउँदै जानुपर्छ । नेपालभरीका प्रत्येक नेपालीका लागि साझा आस्था र साझा विश्वास प्राप्त गर्ने बाटोमा अब यी मधेश केन्द्रित दलहरू हिड्न थाल्नुपर्छ । असमझदारी र सुधारका सम्भावनालाई पनि ध्यानमा राखी समृद्ध नेपाल बनाउने र त्यसका लागि साझा नेपाली बनाउँदै जाने काममा पनि यी दलहरूको भूमिका अतुलनीय हुनसक्छ । प्रत्येक नेपालीले फोरम र राजपा नेपाललाई शंका र द्वेषरहित रूपमा हेर्न पाउने वातावरणको निर्माण पनि यिनै नेतृत्वले गर्न थाल्नुपर्छ। विमती हुँदैमा पद्धति नै सिध्याउने, मधेशी जनताको भावना विरूद्ध भूमिका खेल्ने वा मिलेर संघर्ष गर्ने र प्राप्तिमा एकाधिकार राख्ने कार्य बन्द गरिनुपर्छ। नेतृत्व साझा र उदाहरणीय हुँदै जान अब देश केन्द्रित राजनीति गर्दै जानुको विकल्प छैन ।

संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय पर्वकै रूपमा मनाइनुपर्छ । संविधानप्रति अविश्वास, घृणा, द्वेष वा नकारात्मकता फैलाउनु नेतृत्वको असक्षमता पनि हो । संविधानमा जे-जस्तो कुरा लेखिए पनि त्यसमा सुधार गर्दै जाने र देशभरीका जनतालाई घनत्व सहितको अपनत्व निर्माण गर्न सक्नुपर्छ। फरक मत हुनु नराम्रो होइन तर त्यसको प्रस्तुति शंकास्पाद वा घृणात्मक हुनुहुँदैन। देश, संविधान वा व्यवस्थाप्रति फैलाइएको घृणा वा लगाइएको आगोले कुनै दिन आफ्नै व्यक्तित्व वा दल समाप्त गर्न सक्छ भन्ने कुरा मधेश केन्द्रित नेतृत्वले बिर्सनु हुँदैन ।

मधेशका सोझा र देशप्रेमी जनताको भावनालाई बङ्ग्याउने, उनका समस्यालाई हतियारको रूपमा प्रयोग गरेर सत्ताका लागि आधार तयार गर्ने, जनता मारेर जनप्रिय हुने कामहरू राजनीति होइन । कुनै पनि सर्तमा कुनै पनि नेपाली राजनीतिक आस्थाको आधारमा मारिनु हुँदैन, राजनीतिक व्यवस्थाका लागि मारिनु हुँदैन । यदि यस्तो कतै भइराखेको छ भने यो राजनीतिक हिंसा हो, आन्दोलन होइन । मधेश केन्द्रित नेतृत्व अब राष्ट्रिय व्यक्तित्व निर्माणमा लाग्नुपर्छ। सिंगो देश र सबै नेपालीका लागि राजनीति थाल्नुपर्छ । भौगोलिक रूपमा सानो र ऐतिहासिक रूपमा गौरवपूर्ण रहेको नेपाललाई साझा र समृद्ध बनाउन राष्ट्रिय सोच राख्न जरूरी छ । हेला, रंगभेद, घृणा र बदलाको भावनाले नेपालभित्र एकत्व हुन सक्दैन । एकत्व बिना अपनत्व हुन सक्दैन, अपनत्व बिना सहकार्य हुन सक्दैन, सहकार्य बिना शान्ति हुन सक्दैन र शान्ति बिना समृद्धि हुन सक्दैन । त्यसैले अब हरेक नेता र जनताले स्वीकार्यता सहितको सम्मानपूर्ण सहकार्य गरी नेपाललाई साझा, शान्त र समृद्ध बनाउनुपर्छ ।

कतै दिपावली त कतै कालो दिवसको नाम दिएर संविधान दिवस मनाइएको छ। देश संघीय व्यवस्थामा जानु १० वर्षे लामो माओवादी जनयुद्ध र पटक पटक भएको मधेश आन्दोलनकै उपज हो । अहिले देशको अवस्था देखेर ती आन्दोलनका क्रममा सहादत प्राप्त गरेकाहरूको आत्माले शान्ति पाउन सकेको होला ? संविधानसभाबाट बन्ने हामीले परिकल्पना गरेको संविधान यस्तै हो त ? मधेशी दलहरूले विगत ३ वर्षदेखि उठाउँदै आएका संविधान संशोधनको माग कहिले पुरा होला ? यस्ता प्रश्नहरूको उत्तर आजसम्म अनुत्तरित नै छन् । देशमा दिनानुदिन बढ्दै गएको बलात्कार, हत्या, हिंसा, एसिड आक्रमण, घृणा, विखण्डनकारी अभिव्यक्ति लगायतका घटनाक्रमलाई हेर्दा हामीले निर्माण गरेको संविधान र कानुन निरर्थक भएको आभाष हुन थालेको छ। विकास भन्ने बित्तिकै हुने विषय होइन तर यस्ता अपराधिक क्रियाकलाप रोक्नतिर बलियो सरकारले ध्यान नदिनु दुःखद हो।

संविधान बन्दै गरेको अवस्थामा तत्कालीन मधेशी मोर्चालाई बाहिर राखेर फास्टट्र्याकबाट संविधान जारी गरियो, बन्दै गरेको संविधानमा मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला लगायत उत्पीडित समुदायको मुद्दालाई समावेश गरिएन भनेर अन्सतुष्ट रहेको पक्षलाई अहिलेसम्म पनि सन्तुष्ट बनाउन सकिएको छैन । संविधान दिवसको अवसरमा राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरमको बीचमा देखिएको मतभिन्नतालाई हेर्दा यी दलहरू आफै भित्र अलमल्लिएको भान हुन थालेको छ। प्रदेशमा यिनै २ दल मिलेर सरकार संचालन गरिरहेको अवस्थामा संविधान दिवसको अवमूल्यन गर्नु त्यति उपयुक्त होईन।प्रदेश २ का मुख्यमन्त्रीले संविधान दिवसमा सार्वजनिक कार्यक्रमको मञ्च प्रयोग गरेर संविधान भित्रका आफ्ना विमति राख्न सक्थे, जनमत बनाउन सक्थे। तर उनले त्यसो नगरेर मौन बस्नु मुख्यमन्त्रीको अपरिपक्क निर्णय भयो । मतादेश पाएर प्रदेशमा सरकार संचालन गरिरहेका यी दुई दलमध्ये केन्द्रमा फोरम प्रत्यक्षरूपमा सरकारमा सहभागी भइसकेको अवस्था छ भने राजपाले पनि अप्रत्यक्ष रूपमा सरकारलाई सघाइरहेको अवस्था छ फेरि विरोध किन ?

मधेशका दुई ठूला दलहरूमध्ये उपेन्द्र यादव पदीय स्वार्थ र सत्ताको सुख भोग गर्न सरकारमा सहभागी भएका र पदीय दायित्व पूरा गर्न संविधान दिवसको दिन मौन बस्नुपरेको मधेशी जनताको बुझाइरहेको छ भने अर्कोतिर राजपाले संविधान संशोधनको उधारो आश्वासनलाई पत्याएर ओली सरकारलाई समर्थन गरेकोमा मधेशी जनताको आक्रोश पनि रहेको छ। संविधान संशोधन मार्फत आफ्ना अधिकार प्राप्त होला भन्ने आशामा रहेका त्यस क्षेत्रका जनता, शहिद परिवारका सदस्यहरू निराश हुन थालेको अवस्था एकातिर छ भने संविधान संशोधन नहुने हो भने सरकारलाई दिएको समर्थन फिर्ता लिन्छौं भनेर राजपा नेपाल तम्सिएको अवस्था पनि छ । सरकारले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ भनिरहँदा त्यो निर्धारण गर्ने कसले र कहिले हो ? राजपालाई अत्तोपत्तो छैन । कहिल्यै पूरा हुने हो थाहा नभएको उधारो आश्वासनको भरमा राजपाले सरकारलाई समर्थन गर्दा ऊप्रति जनमानस आक्रोशित छ। यसरी मधेशका दलहरू आन्तरिक कलहमा रूमलिरहेको अवस्था र फोरम राजपालाई आफ्नो पक्षमा पारेकै आधारमा मधेशको समस्या समाधान भईसक्यो भन्ने सोच यदि संघीय सरकारले बनाएको छ भने त्यो मधेशको यथार्थ होईन ।

विभेद जारी नै रहिरह्यो भने विद्रोह अवश्य हुन्छ । यहि विद्रोहका अंगप्रक्तिमा मधेशमा उदाएका छन् डा. सीके राउत । मधेशको समस्या समाधान भयो भनेर सोच्ने सरकारको लागि सीके राउत अबको प्रमुख चुनौती बन्नेछन् । मधेशलाई नेपालबाट अलग गराउनुपर्छ भने अभियान लिएर मधेशमा उत्रिएका सीके राउतको पक्षमा अहिले जनलहर देखिन्छ। राजपा र फोरमको विकल्पको रूपमा सीके राउतलाई मधेशमा चित्रण गर्न थालिएको छ ।

हामीले छुट्टै मधेश देश खोजेका होइनौं नेपालभित्र समृद्ध र अधिकार सम्पन्न मधेश खोजेका हौं। यदि सरकारले मधेशको मुद्दालाई बेवास्ता गर्दै जाने हो भने मधेशमा सीके राउत प्रवृत्ति झन् हाबी हुँदै जाने निश्चित छ । अहिले जुन संकेतहरू देखिदै आएको छ यसलाई नै बढवा दिने हिसाबले सरकारले कदम अगाडि बढाउनु हुँदैन । संघीय सरकार, फोरम नेपाल, राजपा नेपाल र सीके राउतको द्वन्द्वमा परेर आत्मघाती राजनीतिको चपेटामा मधेश फस्यो भने मधेशको विकास फेरि बर्षौं पछाडि धकेलिन्छ। विखण्डनको बाटो आत्मघाटी बाटो हो यो बाटोमा हामी हिड्नु हुँदैन । लामो संघर्ष व्यहोरिसकेको मधेशले अब विकासको पथमा अगाडि बढ्ने समय आइसकेको छ त्यसैले सरकारले मधेशको मुद्दालाई यथासक्य छिट्टो समाधानको दिशामा अगाडि बढाएर मधेशमा द्वन्द्व रोक्नु अहिलेको आवश्यकता हो

*। (मधेश दर्पण फिचर सेवा)*

# चीन-अमेरिका : व्यापार युद्धको संकेत



**विष्णु भट्टराई**

अमेरिकाले चीनबाट आउने सामानमा नयाँ दुई अर्ब अमेरिकी डलर बराबरको कर वृद्धि गर्ने भनी सञ्चारमाध्यममा आएका निर्णयहरू कार्यान्वयनमा ल्याएमा बेइजिङले पनि यसको यथोचित जवाफ दिने चीनको विदेश मन्त्रालयले चेतावनी दिएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गेङ सुवाङले सञ्चारकर्मीसँगको नियमित भेटका क्रममा भने- 'यदि अमेरिकाले चीन पठाउने थप सामानमा नयाँ करको वृद्धिको घोषणा गरेमा बेइजिङले यसविरूद्ध नयाँ उपायको घोषणा गरी आफ्नो कानुनी अधिकार चाहनालाई प्रत्याभूत गर्नेछ।'

विश्वका यी दुई शक्ति राष्ट्रहरूबीच विगत केही महिनादेखि व्यापार युद्ध चलिरहेको छ। जसका कारण दुबै मुलुकका ग्राहकलाई प्रभावित तुल्याएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले यसपहिलेदेखि नै चीनबाट अमेरिका आयात हुने ५० अर्ब अमेरिकी डलर बराबरको सामानमा २५ प्रतिशत कर बढाएको थियो। बदलामा चीनले पनि अमेरिकाबाट चीन ल्याउने सामानमा कर वृद्धि गरेको थियो।

हालै वासिङटनले व्यापार विवादबारे नयाँ वार्ता गर्न गरेको आह्वानलाई गत हप्ता स्वागत गरेको थियो। यस बिषयमा दुई पक्षबीच छलफल चलिरहेको थियो। जसले विश्वका दुई शक्तिशाली अर्थतन्त्र भएका मुलुक व्यापार युद्धबाट फिर्ता हुने आशा पलाएको थियो।

गत साताको अन्तमा अमेरिकी 'वाल स्ट्रिट जर्नल' ले राष्ट्रपति ट्रम्पलाई उद्धृत गरी अमेरिकाले चीनबाट आयात हुने सामानमा २ सय अर्ब अमेरिकी डलर बराबरको कर लगाउन लागिएको जनाएको थियो। सो कदमले वार्तालाई रद्द गर्ने निर्णय लिन बाध्य पार्ने चिनियाँ अधिकारीले बताएका छन्।

अमेरिकाले चीनबाट करिब ५ सय अर्ब अमेरिकी डलर बराबरको सामान आयात गर्छ। अमेरिकाले चिनियाँ सामानमा नयाँ कर लगाउने निर्णयले चिनियाँ स्टक बजारमा एक प्रतिशतले गिरावट देखिएको छ। सांघाई कम्पोजिट इन्डेक्स सन् २०१४ पछि पहिलो पटक निम्न विन्दुमा झरेर २६५१.७९ पुगेको छ।

अमेरिका र चीनबीच व्याप्त व्यापार विवादले कसैको पनि हित नगर्ने, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गेङले बताए। प्रवक्ता गेङले भने, 'हामीले समानता, इमान्दारिता, आपसी सम्मानसहित हुने वार्ताले अमेरिका र चीनबीच व्याप्त वर्तमान व्यापार विवादलाई सही दिशा दिने बताउँदै आएका छौं।' तर यसको प्रतिक्रिया स्वरूप अमेरिकी राष्ट्रपति ट्रम्पले कर वृद्धिको चेतावनी दिएका छन्। बेइजिङले अमेरिकाबाट चीनमा आयात गर्ने छाला, कोका क्रिम र कन्डोमलगायतका सामानमा ६० अर्ब अमेरिकी डलर बराबरको कर वृद्धि गर्ने लक्ष्य लिएको छ।

अमेरिका र चीनबीच व्यापार युद्ध झनै चर्किने संकेत देखिएको छ। अमेरिकाले चीनसँग व्यापार वार्ता गरेर चीनले स्वीकार गरेको एक साता पनि नबित्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले २ सय अर्ब डलरबराबरका चिनियाँ सामानमा कर वृद्धिको घोषणा गरेपछि अमेरिका र चीनबीच नयाँ तनाव सिर्जना भएको हो।

अब अमेरिकामा चिनियाँ सामान पठाउँदा ५ हजारभन्दा बढी वस्तुमा भारी मात्रामा आयात कर लाग्नेछ। अमेरिकाले यसअघिदेखि नै चिनियाँ सामानमाथि आयकर लगाइसकेको छ। तर, यसपटक लगाइएको यो अहिलेसम्मकै सबैभन्दा ठूलो शुल्क हो।

अमेरिकामा हातेझोलादेखि, साइकलका टायर, चामल र कपडाजस्ता वस्तु निर्यातमा पनि आयकर लाग्नेछ। तर स्मार्ट घटी र प्ले पेनलगायतका सामान भने यसमा सामेल गरिएको छैन। तर यी वस्तुमा पनि कर लाग्ने बताइएको छ।

यस कर वृद्धिका कारण विश्वका सबैभन्दा ठूला अर्थतन्त्र भएका दुई मुलुकबीच व्यापार युद्ध निम्त्याउने खतरा बढेको छ। अमेरिकी कर वृद्धि १० प्रतिशतबाट आरम्भ हुनेछ। आगामी वर्ष सन् २०१९ को जनवरी १ बाट २५ प्रतिशत पुग्नेछ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेको कर वृद्धिको घोषणाले वासिंगटन र बेइजिङबीचको तनाव अझ बढाउने विश्लेषकहरुको भनाइ छ। ट्रम्पले यसअघि नै ५० अर्ब डलर बराबरका चिनियाँ सामानमा २५ प्रतिशत कर वृद्धि गरिसकेका छन्। चीनले पनि प्रतिशोधस्वरूप अमेरिकी सोयाबिनको आपूर्तिमा कर वृद्धि गरेको थियो। अमेरिकी राष्ट्रपतिका समर्थक कृषकहरुमाथि चीनको यस कदमले असर पारेको छ।

ट्रम्प प्रशासनले कर वृद्धि गरेमा बेइजिङले पनि थप ६० अर्ब डलर बराबरका अमेरिकी सामानमा कर वृद्धि गर्ने चेतावनी दिइसकेको छ। यदि चीनले प्रतिकार गरेमा ट्रम्पले अरू २६७ अर्ब डलर बराबरका अमेरिकी सामानमा कर वृद्धि गर्ने चेतावनी दिएका छन्। यस्तो परिस्थिति आएमा कुल ५१७ अर्ब डलर बराबरका चिनियाँ सामानमा कर वृद्धि हुनेछ अर्थात् चीनबाट अमेरिका प्रवेश गर्ने सबैजसो सामानमा कर वृद्धि हुनेछ।

सर्वसाधारणको प्रतिक्रिया सुनेपछि ट्रम्प प्रशासनले चीनबाट आयात हुने साइकलका हेल्मेटजस्ता केही बालसुरक्षा सामग्रीमा कर वृद्धि



नगर्ने जनाएको छ। एप्पल कम्पनीका स्मार्ट घडीहरु र अरू केही इलेक्ट्रोनिक्स सामानलाई पनि कर वृद्धिको पछिल्लो सूचीबाट हटाइएको छ।

ट्रम्प प्रशासनले चीनसँगको मध्यस्थता वार्तालाई खुलै राखेको जनाएको छ। 'हाम्रा सरोकारलाई सम्बोधन गर्ने चीनसँग पर्याप्त अवसर छ,' ट्रम्पले एक विज्ञप्तिमा भनेका छन्, 'चिनियाँ नेताहरुले अनुचित व्यापारिक तौरतरिका अन्त्य गर्न तत्काल कार्य गर्नेछन्।'

अमेरिकी प्रविधि प्रभुत्व समाप्त गर्ने बेइजिङको महत्वकांक्षालाई लिएर दुवै मुलुकबीच संघर्ष जारी छ। अमेरिकी व्यापारिक प्रतिनिधिको कार्यालयले विदेशी प्रविधि हासिल गर्न चीनले अपनाएको नीति स्वीकार्य नरहेको जनाएको छ।

चीनले अपनाएका प्रमुख रणनीतिमा अमेरिकी व्यापारिक गोपनीयता फुत्काउनु र चिनियाँ बजारको प्रलोभन देखाएर विशिष्ट प्रविधि चीनलाई हस्तान्तरण गर्नु रहेका छन्। ट्रम्पले अमेरिकाको चीनसँगको व्यापार घाटा बढ्दै गएकोमा पनि चिन्ता व्यक्त गरेका छन्। गत वर्ष मात्र अमेरिकाको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीनसँगको व्यापार घाटा ३३६ अर्ब डलर पुगेको थियो।

चिनियाँ सामानमा भएको पछिल्लो कर वृद्धिले अमेरिकी सर्वसाधारणलाई थप पीडा हुनेछ। ट्रम्प प्रशासनले घरेलु प्रयोजनका सामानमा गरेको कर वृद्धिले अन्ततः उपभोक्तामाथि नै अतिरिक्त व्ययभार थप्नेछ।

ट्रम्पले राष्ट्रपतीय चुनावताका आयातित सामानमा कर वृद्धि गर्ने र अमेरिकी कम्पनी तथा कामदारको प्रतिकूल हुने सबै व्यापारिक सम्झौता रद्द गर्ने घोषणा गरेका थिए। तर विश्लेषकले ट्रम्पको त्यस्तो कार्यले सफलता प्राप्त गर्न कठिन हुने बताउँदै आएका छन्।

पछिल्लो करबृद्धिका कारण हाते झोलादेखि साइकलका टायरसम्मको मूल्य बृद्धि हुनेछ। अमेरिकी करबृद्धि १० प्रतिशतबाट आरम्भ हुनेछ, र आगामी वर्ष सन् २०१९ को जनवरी १ बाट २५ प्रतिशत पुग्नेछ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले करबृद्धिको घोषणा गरेका थिए। यस घोषणाले वासिङ्टन र बेइजिङबीचको तनाव अझ बढाउने विश्लेषकहरुको भनाइ छ।

ट्रम्पले यसअघि नै ५० अर्ब डलर बराबरका चिनीया सामानमा २५ प्रतिशत करबृद्धि गरिसकेका छन्। चीनले पनि प्रतिशोध स्वरुप अमेरिकी सोयाबिनको आपूर्तिमा करबृद्धि गरेको थियो। अमेरिकी राष्ट्रपतिका समर्थक कृषकहरुमाथि चीनको यस कदमले असर पारेको छ।

चीनले संयुक्त राज्य अमेरिकाले गरेको पछिल्लो करबृद्धिको प्रतिकार गर्ने जनाएको छ। 'चीनसँग प्रतिकारात्मक कार्यवाही गर्नुको कुनै विकल्प छैन, चिनीया बाणिज्य मन्त्रालयले मङ्गलबार जारी गरेको एक विज्ञप्तिमा उल्लेख छ। तथापि यसअघि चेतावनी दिइएझैं ६० अर्ब डलर बराबरका अमेरिकी सामानमा करबृद्धि गर्ने कुरा विज्ञप्तिमा उल्लेख छैन।

चीनको विदेश मन्त्रालयका प्रवक्ता गेङ शुआङले बेइजिङमा आयोजित नियमित पत्रकार भेटघाटमा चीनले अपनाउने प्रतिकारात्मक कार्यवाहीका बारेमा उपयुक्त समयमा निर्णय लिइने बताउनुभयो। उहाँले अमेरिकाले अपनाएको संरक्षणवादी र एकतर्फी घोषणा चीनका लागि अस्वीकार्य रहेको स्पष्ट पारे।

अमेरिका र चीनबीच चलेको व्यापार युद्धले विश्वलाई नै प्रभावित पारेको छ। चीनले व्यापारमा अमेरिकालाई पछि पार्ने डरले ट्रम्प प्रशासनले चिनिया सामानमा भारी मात्रामा कर वृद्धि गरेपछि कतिपय अमेरिकामा रहेका चिनिया कम्पनीहरु पलायन हुन थालेका छन्।

## नोबेल पुरस्कार बिजेता नै बलात्कारी

यस वर्षको चिकित्साशास्त्र तर्फको नोबेल पुरस्कार अमेरिकाका जेम्स पी.एलीसन र जापानका त्सुकु होन्जोलाई प्रदान गरिने घोषणा गरिएको छ। नोबेल एजेम्बलीले भनेको छ, 'जेम्स एलिसन र त्सुकु होन्जोलाई ऋणात्मक प्रतिरक्षा विनिमयनको अवरोधबाट क्यान्सर थेरापीको खोजका लागि यो पुरस्कार दिने घोषणा गरिएको छ।'

यी दुवै वैज्ञानिकले क्यान्सरको उपचारका लागि थेरापीको विकास गरेका छन्। एलिसन टेक्सास विश्वविद्यालयका प्राध्यापक हुन् भने होन्जो क्योटो विश्वविद्यालयका प्रोफेसर हुन्। जापानका त्सुकु होन्जोको जन्म सन् १९४२ मा जापानको क्योटोमा भएको हो। उनी सन् १९८४ देखि क्योटो विश्वविद्यालयमा प्राध्यापकका रुपमा रहेका छन्।

यस्तै अमेरिकी नागरिक एलिसनको जन्म अमेरिकाको टेक्सासमा सन् १९४८ मा भएको हो। उनी युनिभरसिटी अफ टेक्सासको एन्डरसन क्यान्सर सेन्टरमा प्राध्यापक छन्। यी दुवै वैज्ञानिकलाई क्यान्सरको स्टेजमा शरीरको इम्युन सिस्टमलाई कमजोर बनाउने पीडी-१ नामक प्रोटिनको खोजका लागि यो पुरस्कार दिइएको हो।

यसैबीच, स्वीडेनको अदालतले साहित्यतर्फको नोबेल पुरस्कारका लागि मनोनयन गरिएका ७२ वर्षीय फ्रान्सेली साहित्यकार जाँ-क्लाउड आर्नोल्टलाई बलात्कारको आरोपमा दुई वर्षको जेल सजाय सुनाएको छ। स्टकहोम जिल्ला अदालतले साहित्यकार आर्नोल्ट दोषी रहेको पुष्टी भएको बताएको छ। आर्नोल्टकी पत्नी स्वेडिस एकेडेमीको सदस्य छिन्। यही एकेडेमीले साहित्यतर्फको नोबेल पुरस्कारका विजयी घोषणा गर्दछ। यिनै दुईवटा विवादका कारण यसवर्ष साहित्यतर्फको नोबेल पुरस्कार नदिइने भएको हो।

बलात्कारको आरोप नोभेम्बर २०१७ मा उठेको थियो। हलिउडका चर्चित व्यक्तित्व हार्भे वाइन्स्टाइनमाथि बलात्कारमा दोषी पाइएसँगै साहित्यकार आर्नोल्टको मुद्दा सार्वजनिक भएको हो। स्वीडेनको दैनिक अखबार डाजेन्स न्यीटरले आर्नोल्टमाथि १८ जना महिलाले बलात्कार, यौनशोषण वा तनाव दिएको दाबी गरेको खबर छापेको थियो।

*(एजेन्सीहरुको सहयोगमा)*

# रोचक संसार


## कडा सजाय

हाम्रो देशमा पछिल्लो समयमा बलात्कारका जघन्य अपराधका घटनाहरु बढिरहेका छन्। उता विश्वको सबैभन्दा विकशित तथा शक्तिशाली देश अमेरिका पनि बलात्कारको मामिलामा कम छैन। हालै त्यहाँ एकजना पुरुषले बालिकामाथि बलात्कार गरेको आरोपमा १ सय ६० वर्षको जेल सजाय सुनाइएको खबर प्रकाशमा आएको छ।

अमेरिकाको जर्जियामा यो घटना भएको हो। एटलान्टामा बस्ने ३४ वर्षका निकोलस डिओन नामका व्यक्तिले आफ्नै गर्लफ्रेण्डकी १० वर्षीया छोरीमाथि बलात्कार गरेको हो।

१० वर्षीया बालिकामाथि बलात्कार गर्ने डिओनलाई एटलान्टाको अदालतले १ सय ६० वर्षको जेल सजाय हुने फैसला गरेको हो। अदालतले ती व्यक्तिको कार्य निकै शर्मनाक र जघन्य रहेको ठहर गरेको छ। दुई वर्षअघिको घटनामा अदालतले हालै फैसला सुनाएको हो। निकोलसलाई १ सय ६० वर्षको जेल सजायँ भएकोमा उनले १ सय ३६ वर्षसम्म पेरोल पनि पाउनेछैनन्। अर्थात् १ सय ३६ वर्षसम्म उनको कैद मिनाहा हुनेछैन र जेलमै बस्नुपर्नेछ। यसको अर्थ अब उनी नमरुन्जेल जेलमै बस्नुपर्नेछ। ती व्यक्तिले १० वर्षीया बालिकालाई १० पटक बलात्कार गरका थिए। ८ वर्षको उमेरमा बालिका पहिलोपटक बलात्कारमा परेकी थिइन्। अहिले ती बालिका १३ वर्षकी भएकी छिन्। गत वर्ष १२ वर्षको उमेरमा ती बालिकाले बच्चा जन्माएकी थिइन्। निकोलसको बलात्कारकै कारण ती बालिकामा गर्भ रहन गएको थियो।

## माकुरा सहर कब्जामा



विद्रोहीहरुले द्वन्द्वग्रत देशहरुमा सहरहरु कब्जा गरेका समाचार सञ्चार माध्यममा आउने गर्दछन्। तर यहाँ त माकुराले सहर कब्जा गरेको समाचार छ। हो, युरोपेली देश ग्रीसको एतोलिको सहर माकुराको कब्जामा परेको छ।

सहरको सबैतिर माकुराले जालो लगाएको छ। रुख विरुवा, झाडी, घर, भवन जताततै माकुराले जालो बुनेको देखिन्छ। विशेष प्रजातिको सेतो माकुराले जाल बुनी सहर ढाकेको छ। टेरान्गाथा प्रजातिको उक्त माकुरा सानो आकारको हुन्छ र जमिनमा भन्दा पानीमा छिटो हिँड्दछ। यो माकुराले आफ्नो सरीरलाई खिचेर लामो बनाउन सक्दछ। त्यसैले यो माकुरालाई स्ट्रेच स्पाइडर पनि भनिन्छ।

## प्रधानमन्त्रीले बेचे आठ वटा भैंसी

राज्यको ढुकुटी बलियो पार्न तथा फजुल खर्च रोक्नका लागि प्रधानमन्त्रीले हामीकहाँ के के काम गरिरहेका छन् ? सायद ढुकुटी भर्नतिर भन्दा पैसा सक्नतिर नै सबैको ध्यान छ जस्तो लाग्छ। उता पाकिस्तानमा भने नवनिर्वाचित प्रधानमन्त्रीले अनावश्यक खर्च कटौतीमा तहल्का मच्चाइरहेका छन्। पाकिस्तानी प्रधानमन्त्रीले हालै प्रधानमन्त्री निवासमा पालिएका ८ वटा भैंसी बेचेका छन्। पूर्वप्रधानमन्त्री नवाज सरिफको कार्यकालमा खरीद गरी पालिँदै आएका भैंसी नयाँ प्रधानमन्त्री इमरान खानले बिक्री गरी राज्यकोषमा रकम जम्मा गरेका हुन्। केही दिन अघिमात्रै खानले प्रधानमन्त्री निवासमा रहेका केही कारहरु पनि लिलाम गरिदिएका थिए।

ती ८ वटा भैंसीको बिक्रीबाट झण्डै २२ लाख रुपैयाँ उठेको छ। यसअघि बुलेटप्रुफ कारको लिलामीबाट झण्डै सात करोड रुपैयाँ बराबरको रकम उठाएर प्रधानमन्त्रीले राज्यकोषमा दाखिला गरेका थिए।

प्रधानमन्त्रीले बिक्री गरेका भैंसीमध्ये केही भैंसी पूर्वप्रधानमन्त्री नवाज सरिफका समर्थकले खरीद गरेका छन्। डेरी व्यवसाय गर्ने एकजना सरिफ समर्थकले आफूले नवाजप्रतिको प्रेमका कारण भैंसी किनेको र मौका पाएमा नवाज सरिफलाई ती भैंसी उपहार दिने बताएका छन्।

प्रधानमन्त्री निवासका भैंसी खरीद गर्नका लागि मानिसहरुले लिलामीमा चर्को बोली लगाएका थिए। जसका कारण भैंसीहरु सामान्य मूल्यभन्दा कैयन् धेरै महंगोमा बिकेका छन्।

## पुरूषलाई प्रवेश निषेध

देवताले मन्दिरमा महिला र पुरुषमध्ये एउटालाई मात्र छिर्न दिनु भन्लान् र ? सायद देवताका लागि सबै मानिस समान हुन्छन्। तर हाम्रो परम्परा र मान्यताले गर्दा केही यस्ता अनौठा संस्कारहरु कायम हुन्छन् जुन आधुनिक समाजमा पचाउनै गाह्रो हुन्छ। भारतमा केही त्यस्ता मन्दिरहरु छन् जहाँ पुरुषहरु प्रवेश गर्न पाउँदैनन्। ती मन्दिरमा केवल महिलाहरु मात्रै प्रवेश गर्दछन्।

केरलाको अत्तुकल भगवती मन्दिर यस्तो मन्दिर हो जहाँ महिलाको पुजा हुन्छ। यो मन्दिरमा तिस लाख महिलाहरुले एकसाथ धार्मिक अनुष्ठान गरी गिनिज बुकमा नाम पनि लेखाएका छन्। उक्त मन्दिरमा पुरुषहरु प्रवेश गर्न पाउँदैनन्।

केरलामै रहेको चक्कूलाथुकावु मन्दिरमा पनि पुरुषहरुलाई प्रवेश निषेध छ। त्यहाँ नारीपूजा नामक वार्षिक अनुष्ठान हुन्छ। जुन अनुष्ठानमा पुरुष पुजारीहरुले १० दिनदेखि व्रत गरिरहेका महिला भक्तजनको पाउ धुन्छन्। उक्त दिनलाई धनु भनिन्छ। नारीपुजाका बेला केवल महिलाहरुलाई मात्र मन्दिर भित्र जाने अनुमति हुन्छ।

भारतको राजस्थानस्थित पुष्करमा रहेको ब्रम्हा मन्दिर विश्वको एकमात्र ब्रम्हा मन्दिर हो। यो १४ औं सताब्दीमा बनेको हो। उक्त मन्दिरमा विवाहित पुरुषलाई जान बर्जित छ।

भारतको तमिलनाडुस्थित कन्याकुमारी सहरमा रहेको भगवती मन्दिरमा विवाहित पुरुषलाई जान निषेध छ। केवल सन्यासी पुरुषहरु मात्र उक्त मन्दिरको ढोकासम्म जान पाउँदछन्। तर भित्र छिर्न भने पाउँदैनन्। विहारको मुजफ्फर पूरमा रहेको माता मन्दिरमा पनि वर्षका केही दिन विशेष पुजाका बेला पुरुषको प्रवेश निषेध गरिन्छ र केवल महिलाहरु मात्र मन्दिरमा जान्छन्। महाराष्ट्रको नासिकमा रहेको त्रयम्बकेश्वर मन्दिरको गर्भगृहमा पनि पुरुषहरुलाई जान निषेध छ।

## जमिन नटेकेको समुदाय

विश्वमा मानिसहरु विभिन्न स्थानमा बसोबास गर्दछन्। कोही गाउँमा त कोही शहरमा। कोही पहाडमा त कोही नदी किनारमा।

पानीमा त जलचर पो बस्दछ त ? तर, चीनमा भने पूरै गाउँ नै सदियौंदेखि पानीमाथि बस्दै आएको छ। उक्त गाउँको जनसंख्या ७ हजार रहेको छ।

समुद्री माझीहरुको उक्त वस्तीमा बस्ने समदायलाई टांका भनिन्छ। टांका



एक चिनियाँ आदिवासी समुदाय हो।

इतिहास अनुसार यो समुदायले १३ सय वर्षयता जमिन टेकेको छैन र समुद्रमाथि वस्ती बसाएर घरजम गर्दै आएको छ। सन् ७ सय वर्षयता टांका समुदाय समुद्रमाथि बस्दै आएको हो।

दक्षिण पूर्वी चीनको यो समुदाय समुद्रमाथि डुंगेघरको वस्ती बसाएर बसिरहेको छ। फुजियान प्रान्तको दक्षिणपूर्वी क्षेत्रमा पर्ने निंगडे सहरको नजिकैको समुद्रमा यो वस्ती रहेको छ। समुद्रमा बस्ने यो आदिवासी समुदायलाई जिप्सी अफ द सी पनि भनिन्छ।

सन् ७०० मा चीनमा तांग राजवंशको शासन हुँदा टांका समुदायका मासिनहरु युद्धबाट बच्नका लागि आ आफ्ना डुंगा लिएर समुद्रतर्फ लागे। त्यसपछि उनीहरु युद्धको डरले आफ्नो मूलथलोमा फर्केनन् र समुद्रमै घरजम गर्नथाले। उनीहरुले समुद्रमै ठूलाठूला डुंगाका घर बनाएर बस्ने गरेका छन्। उनीहरुको जिविकोपार्जनको श्रोत नै माछा मार्नु बनेको छ।

चीनमा पछिल्लो समय आधुनिकता भित्रिएको र सरकारको सहयोग मिलेसँगै यो समुदायका केही मानिसहरु समुद्रको बसाई छाडेर किनारामा घर बनाएर बसेका छन्। तर अझै पनि अधिकांश मानिसहरु परम्परागत रुपमै समुद्रको वस्तीमै बसिरहेका छन्।

## महँगो स्याण्डिल

महिलाले लगाउने स्याण्डिलको अधिकतम मूल्य कति पर्ला ? अनुमान लगाउनुस् त। अनुमान आ-आफ्ना होलान् तर यदि दुनियाँको सबैभन्दा महंगो स्याण्डिलको मूल्य थाहा पाउनुभयो भने तपाइँले जिब्रो टोक्नुहुनेछ।

जिब्रो नटोकियोस् पनि किन ? आखिर खुट्टामा लगाउने एकजोर स्याण्डिलको मूल्य हजार, लाख, करोड रुपैयाँमा नभई अर्ब रुपैयाँ पर्दछ।

हो युएइको दुबई सहरमा झण्डै २ अर्ब रुपैयाँ पर्ने दुनियाकै महंगो स्याण्डिल बनेको छ। यो स्याण्डिलको मूल्य १ करोड ७० लाख डलर छ। बहुमूल्य हिरा र सक्कली सुनबाट बनेको यो एकजोर स्याण्डिल बुधबार सार्वजनिक गरिएको छ।

यतिधेरै महंगो भएपछि यो चिज बनाउन पनि कम्ता मेहेनत लागेन होला। हो, यो स्याण्डिलको डिजाइन गर्ने तथा बनाउने कामका लागि पूरै ९ महिना लागेको थियो।

*(अनलाइन खबरबाट)*

## प्रेरक प्रसंग

# सुप्रियको निन्दा, बुद्धको बेवास्ता



एकपटक भगवान बुद्ध धर्म प्रचारका निम्ति आफ्ना शिष्यहरुसँग नालान्दातर्फको यात्रामा थिए । यात्रामा बुद्धका साथमा सयौं भिक्षुहरु पनि थिए । यही यात्राका क्रममा भिक्षुहरुका पछिपछि परिवाजक सुप्रिय आफ्ना शिष्य ब्राह्मदत्त माड्वकका साथ आइरहेका थिए ।

सुप्रिय बुद्धलाई निन्दा गर्थे भने शिष्य ब्रह्मदत्त बुद्धलाई सम्मान गर्थे । यात्राको अवधिभर परिवाजक सुप्रियले विभिन्न तरिकाले बुद्धको निन्दा गरिरहे । तर शिष्य माडवाकले विभिन्न तरिकाले बुद्धको प्रशंसा गरिरहे । यात्रा धेरै लामो थियो । नालान्दा पुग्नुभन्दा पहिले नै साँझ परिसकेकाले बुद्ध र भिक्षुहरुले गाउँको एक धर्मशालामा रात बिताउनुपर्‍यो । सुप्रिय र शिष्यले पनि भिक्षुहरुसँगै रात बिताउनुपर्‍यो ।

रातभरि पनि परिवाजक सुप्रियले भिक्षु र बुद्धको निन्दा गरिरहे । त्यो सबै बुद्धका शिष्यहरुले सुनिरहेका भए पनि उनीहरु कोही पनि बोलेनन् । जब बिहान भयो तब बुद्धका शिष्यहरुले बुद्धलाई सुप्रियले बाटामा दिनभरि र धर्मशालामा रातभरि बुद्ध र भिक्षु संघको कसरी निन्दा गरे भन्ने सबै सुनाए ।

बुद्धले मुस्कुराउँदै भने- अनि मेरा शिष्य तिमीले चाहिँ आफ्नो काम भुलेर हिजो दिनभरि र रातभरि परिवाजक सुप्रियको कुरा सुनिमात्र रह्यौं ? अरुले आफूप्रति गरेको निन्दा र प्रशंसामा दुःखी हुनु र प्रफुल्लित हुनु दुवै हाम्रो मार्गका बाधक हुन् भन्ने कुरा तिमीहरुले बुझ्नुपर्छ । बुद्धको यस्तो सहनशीलता देखेर शिष्यहरु खुसी भए । शिष्यहरुले बुद्धलाई बुझ्न अझै बाँकी रहेछ भन्ने सोचे र प्रणाम गरी बिदा भए । शिष्यका मनका कुरा बुझेर बुद्ध मुस्कुराए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । सोख पूरा गर्न सञ्चित रकम खर्च हुनेछ । अग्रजहरूको सहयोगले दिगो काम प्रारम्भ गर्न सकिनेछ । तर गोपनीयता बाहिरिनाले काममा समस्या पर्न सक्छ । काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ हुनेछ । लेनदेन तथा हिसाबकिताबमा होसियार रहनुहोला ।

### बृष

केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । काममा हस्तक्षेप गर्नेहरू सक्रिय हुनेछन् भने शुभचिन्तक तथा सहयोगीहरू कमै भेटिनेछन् । परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । विचार सम्प्रेषण प्रभावकारी नहुन सक्छ । आत्मसम्मानका लागि मौन रहनु बेस होला । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

### मिथुन

चिताएको काम रोकिए पनि रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले नयाँ काममा हौसला जगाउनेछ । तर आगन्तुकहरूले अलमल्याउने हुँदा कामलाई बाधा पुग्नेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । महत्वाकांक्षी योजना बिग्रन सक्छ ।

### कर्कट

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । टाढाका साथीभाइले काममा साथ दिनेछन् । खर्च बढ्नेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला ।

### सिंह

आज पहिलेका कर्मयोगबाट विशेष फल प्राप्त हुन सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापार बढ्नेछ भने पहिले रोकिएको काम बन्नेछ । साझेदारीबाट लाभ मिल्नुका साथै जिम्मेवारी पनि बढ्नेछ । पारिवारिक आवश्यकता पूर्ति होला । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोगबाट विशेष लाभ मिल्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

### कन्या

आँटले काम लिन नसक्दा पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । आफ्ना काममा अरूको मुख ताक्नाले पछि परिनेछ । मिहिनेतले राम्रो परिणाम दिलाए पनि प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । काम सम्पादन भए पनि तत्काल धेरै आम्दानीको आशा नराख्नुहोला । पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । सानातिना व्यवहारमै अल्झनुपर्नेछ ।

### तुला

रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ । सामाजिक वादविवाद सुल्झाउने जिम्मेवारी आउन सक्छ । चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । अरूका काममा धेरै समय व्यतीत गर्नुपर्नेछ । तापनि लगनशीलताले बिस्तारै लक्ष्यमा पुर्‍याउन सक्छ ।

### वृश्चिक

स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । पहिलेका समस्या दोहोरिनाले उत्साहपूर्वक काम गर्न नसकिएला । गोपनीयता बाहिरिनाले पनि समस्या पर्न सक्छ । फजुल खर्चले अर्थ संग्रहमा बाधा पुग्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धिले लक्ष्य पहिल्याउन सकिनेछ ।

### धनु

रमाइलो परिवेशमा पनि जीवनशैली व्यस्त रहनेछ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । आफन्तजनसँग सुमधुर सम्बन्धका लागि सजग रहनुहोला । रमाइलो यात्राको योग देखिए पनि मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न विलम्ब हुनेछ । प्रतिष्ठा एवं लोकाचारका लागि फजुल खर्च बढ्न सक्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत प्रतीक्षा गर्नुहोला ।

### मकर

काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ । वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । चिताएका काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । केही अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला । फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला ।

### कुम्भ

अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । शुभचिन्तकहरू समेत टाढा हुने समय छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । सेवामूलक काम बीचैमा रोकिन सक्छ । परिस्थितिले काममा अलमल्याए पनि मिहिनेत गर्दा फाइदाको स्रोत पहिल्याउन सफल भइनेछ । प्रयत्न गरेका काम मुस्किलले सम्पादन हुनेछन् ।

### मीन

तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । पुरानो सम्झौता भंग हुन सक्छ । शुभचिन्तकहरूलाई साथमा लिएर जुट्नुहोला, काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । टाढिएका आफन्त नजिकिन सक्छन् । मिहिनेतले काम सम्पादन हुने समय छ । तर होसियारी अपनाउन जरुरी छ ।

## "ड्रिम गर्ल" ट्रेलर

मंसिर ७ गतेलाई प्रदर्शन मिति तय भएको चलचित्र 'ड्रिम गर्ल'को ट्रेलर रिलिज गरिएको छ । असोज १९ गतेबाट प्रदर्शन मिति सरेर यो चलचित्र मंसिर ७ मा पुगेको हो । ऋषिराज आचार्यको निर्देशनमा तयार भएको यो चलचित्रको शिर्ष भूमिकामा नव(नायिका आश्मा गिरीलाई देखाइएको छ । उनका लागि नायक आकाश श्रेष्ठ र कलाकार विल्सन विक्रम राइको झगडा चलचित्रमा देख्न सकिन्छ ।

चलचित्रमा सरोज खनाल, अर्जुन श्रेष्ठ, लक्ष्मी गिरी, निर्मल शर्मा, सुरविर पण्डित, पूजा पराजुली, शिशिर भण्डारी लगायतका कलाकारको मुख्य भूमिका छ ।

आर बी मुभिजको प्रस्तुतिमा तयार भएको चलचित्र निर्माणमा रियल एन्ड रिल सिनेमाले सहकार्य गरेको छ । चलचित्रमा अर्जुन शर्मा, ऋषिराज आचार्य र रामेश्वर धितालको लगानी छ । राहुल शर्मा र रामेश्वर हुमागाँइको छायांकन, गम्भिर बिष्टको कोरियोग्राफी, नविन मल्लको सम्पादन रहेको चलचित्रमा अर्जुन पोखरेलको संगीत, सम्राट बस्नेतको एक्सन छ । चलचित्रले 'ड्रिम गर्ल'का लागि २ मानिसको लडाइलाई उठान गरेको निर्देशक आचार्यले जानकारी दिए ।

## स्वस्तिमाको सफलताको राज

नायिका स्वस्तिमा खड्काले आफ्नो कठोर मिहिनेतले नै आफूलाई सफलता मिलेको बताएकी छिन् । उनले भनिन्-'मलाई लक लागेको मेरो मिहिनेतले हो । तर, सबै कुरा बुझ्ने श्रीमान् पाएकाले पनि काम गर्न सजिलो भएको छ ।'

बिहे गरेपछि नै चलचित्रमा व्यस्त बन्न थालेकी स्वस्तिमाले भनिन्- 'मेरो पहिलो चलचित्र आउने वित्तिकै मेरो बिहे भयो । यसैले दर्शकले मेरो काम हेर्न पाउनुभएको थिएन । अर्कोतिर म लक्की पनि हो । निश्चल जस्तो श्रीमान् पाउनु, निश्चलसँग सल्लाहा गरेर काम गर्नुले पनि मलाई व्यस्त बनाएको छ । मिहिनेत र लक दुबैले काम गरेको छ जस्तो लाग्छ ।' हाल चलचित्र 'बुलबुल'को छायांकनमा व्यस्त नायिका स्वस्तिमाले चलचित्र 'हजार जुनी सम्म'मा काम गर्न लागेको कुरालाई भने अहिले नै पक्का नभएको बताइन् । उनले भनिन('विकास दाइसँग कुरा त भएको छ । तर, मैले चलचित्र साइन गरिसकेकी छैन । मैले पनि समाचार पढेकी थिएँ । तर, पक्का होइन ।'

## निरूताले "लभ स्टेशन" बाट किन हात झिकिन्

मुम्बइमा रहँदै आएकी नेपाली चलचित्रकी चर्चित नायिका निरुता सिंहले काम गर्ने पक्का भएको एक चलचित्रबाट हात झिकेकी छिन् । उज्ज्वल घिमिरेको निर्देशनमा अहिले दार्जिलिङ्गमा छायांकन भैरहेको चलचित्र 'लभ स्टेशन'बाट निरुताले हात झिकेकी हुन् । गोविन्द शाहीको निर्माणमा गत शुक्रबारदेखि यो चलचित्रको छायांकन सुरु भएको छ । ५० दिनको सेड्यूलसहित यसको निर्माणपक्ष भारत लागेको हो । नायिका निरुता सिंह र नायक उत्तम प्रधानको जोडीलाई फेरि एकपटक पर्दामा ल्याउने तयारी निर्देशक घिमिरेको थियो । तर, निरुताले भने अन्तिम समयमा आएर चलचित्रमा काम नगर्ने जानकारी दिएकी हुन् । निरुताले मंसिर १ गतेबाट छायांकनमा जान लागेको चलचित्र 'दाल भात तरकारी'मा भने काम गर्दैछिन् । चलचित्र 'नाई नभन्नु ल ५'मा काम गरेपछि निरुताको डिमाण्ड चरित्र अभिनेत्रीमा खुबै बढेको छ ।

## "गुनगुन" पोस्टर सार्वजनिक

कार्तिक ३० गतेलाई रिलिज डेट पक्का गर्दै चलचित्र 'गुनगुन'को पोष्टर सार्वजनिक गरिएको छ । सार्वजनिक पोस्टरमा चलचित्रका मुख्य पात्रहरुलाई समेटिएको छ भने चलचित्रको भावलाई पनि झल्काउने प्रयास गरिएको छ । पोस्टर सार्वजनिक गर्दै चलचित्रको प्रचारप्रसारलाई अगाडि बढाइएको निर्देशक पुकार भट्टराईले बताएका छन् । पुराना कलाकार पुकारले यसै चलचित्र मार्फत निर्देशनमा डेब्यु गर्दैछन् । प्राथना फिल्म्सको प्रस्तुतिमा तयार भएको चलचित्रमा संचिता लुइटेल , रविन्द्र प्रताप सेन , सुवास मेचे , नविन श्रेष्ठ , गणेश जिसी , देशभक्त खनाल , अनु भण्डारी , सुमेश श्रेष्ठ , राधा दाहाल , भिम मैनाली , बाल्दिप राई , विपिन प्रसाई र स्वयम् निर्देशक भट्टराईको अभिनय रहेको छ । चलचित्रमा हिमाल केसीको एक्सन, अर्जुन जिसीको सम्पादन र सौरभ लामाको छायांकन छ ।

## "क्याप्टेन" मा अनमोलको व्यस्तता

सुपरस्टार अनमोल केसी जोडिएका हरेक एक फिल्मको दर्शकमाझ व्यग्र प्रतिक्षा हुने गरेको छ । बक्सअफिसमा एकपछि अर्को सुपरहिट फिल्म दिइरहेका उनी गएको वर्ष रिलिज भएको फिल्म 'कृ' पछि यसवर्ष 'क्याप्टेन' मार्फत् पर्दामा फर्किंदैछन् । यो फिल्ममा उनले पहिलो पटक फुटबल खेलाडीको भूमिका निभाएका छन् ।

जिल्ला स्तरिय हुँदै राष्ट्रिय फुटबल टिमको क्याप्टेन बनेको एक युवकको संघर्षको कथा फिल्मले भन्छ । यसलाई 'ऐश्वर्य' फेम्ड निर्देशक दीवाकर भट्टराईले निर्देशन गरेका हुन् । 'क्याप्टेन' को छायांकन सकिएको झन्डै एक महिना बढी भइसकेको छ । अनमोलका प्रायः फिल्मको रिलिज डेट पोस्टरमार्फत् घोषणा गरिदै आएको छ ।

तर, उक्त फिल्मको पोस्टरमा पनि रिलिज डेट राखिएन । भदौ ८, भदौ २९, असोज ५, कात्तिक १६ र मंसिर २१ मा फिल्म रिलिज हुने ठूलै चर्चा चल्यो । निर्माता भुवन केसीले फिल्मको हाइप बनाउन मिडियामा विभिन्न मिति बताउँदै हिँडेपनि अझैसम्म आधिकारिक रुपमा रिलिज डेट घोषणा गरिएको छैन ।

यो फिल्ममा भिएफएक्सको अधिक प्रयोग हुनेछ । भिएफएक्स पूरा हुन ३ महिना समय लाग्ने खबर छ । भिएफएक्सकै कारण फिल्मको रिलिज अस्तव्यस्त बनेको स्रोत बताउँछ । उनले भने, 'भिएफएक्सका कारण हामी अड्किएका हौं । केही दिनमा भिएफएक्स गर्ने टिमले हामीलाई डेट दिँदैछ । त्यसलाई नै मध्यनजर गरेर हामी फिल्मको रिलिज डेट घोषणा गर्नेछौं ।'

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Condone = थाहा पाएर पनि विरोध नगर्नु Ruling party condoned the violence done by police as if nothing had happened (सत्तारुढ दलले प्रहरीले गरेको हिंसालाई केही होइन भनेर थाहा नपाएझैं गरिबस्यो)

Discredit = सच्चरित्रमा दाग लाग्नु The government of India led by Bajpeyi was discredited by the tehlke.com (तहल्का डट कममार्फत गरिएको इन्टरनेट प्रसारणले बाजपेयी सरकारको सच्चरित्रमा दाग लाग्न पुग्यो)

Exacerbate = झनै नराम्रो अवस्थामा पुर्‍याउनु The election of Saron to the post of Isreali Prime-minister has exacerbated the relation between Isreali and Palestine (सेरोनको इजरायलको प्रधानमन्त्री पदमा भएको निर्वाचनले इजरायली र पेलेस्टिनबीचको सम्बन्धलाई झनै नराम्रो अवस्थामा पुर्‍याएको छ)

Furor = होहल्ला । उत्तेजना The incidence of fund embezzlement created a furor among the employees (कोषको दुरुपयोग गरेको घटनाले कर्मचारीबीच ठूलो होहल्ला सिर्जना गरिदियो)

Grotesque = हाँसो उठ्दो र तर्साउने खालको During Gaijatra people go out by wearing grotesque costumes (गाईजात्राको अवसरमा मानिसहरू हँसाउने र तर्साउने खालका लुगा लगाई बाहिर निस्कन्छन्)

Hovel = भत्केको भग्नावशेष Because of the disaster created by earthquake, people are compelled to live in hovel (भूकम्पले गरेको क्षतिको कारण मानिसहरू भग्नावशेष जस्तो भत्केको ठाउँमा बस्न बाध्य छन्)

Inconsequential = महत्वहीन To go broken some glasses or plates during the the feast is inconsequential (भोजभतेरमा केही ग्लास वा प्लेट फुट्नुलाई महत्वपूर्ण मानिँदैन)

Jargon = अप्ठ्यारा प्राविधिक शब्दहरू Since his article is full of gargon very few like it (अप्ठ्यारा शब्दले भरिने हुँदा धेरै कमले मात्रै उसका लेखहरू रुचाउँछन्)

Lucre = पैसा Preferring lucre to fame, he writes only stories of popular appeal (ख्यातिभन्दा पनि पैसा कमाउने उसको धुन भएको हुँदा ऊ साधारण मानिसको लागि मात्र हुने खालका कथा लेख्ने गर्दछ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

मनुष्यले बोल्दा कतिवटा मांसपेशीहरू सक्रिय हुन्छन् ?
- ७२

दुई कन्छा भनेर कति तौल हुन्छ र कुन देशमा ?
- २५ ग्राम, नेपाल

एक पाउलाई एक टुकुनी भन्ने चलन कहाँ थियो ?
- नेपाल उपत्यकामा

कति ड्रमको एक औंस हुन्छ ?
- १६ ड्रम

कति लालको एक तोला हुन्छ ?
- १०० लाल

बीस पाथीलाई एक मुरी भनिन्छ भने १०० मुरीलाई के भनिन्छ ?
- १ खेत

हात्तीको बच्चालाई के भनिन्छ ?
- छावा

बाघको बच्चालाई के भनिन्छ ?
- डमरू

हात्ती बस्ने ठाउँलाई के भनिन्छ ?
- हात्तीसार

भू भनेको पृथ्वी हो र कम्प भनेको के हो ?
- हल्लिनु

लिम्बूहरूले बिरालोलाई के भन्छन् ?
- म्याङलुङ

पृथ्वीमा सबभन्दा अपूर्ण प्राणी कुन हो ?
- मानिस

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take something away= घरमा नबनाई बाहिरबाट लैजानु Two chicken curries to take away please घर लैजानका लागि दुई चिकन करी प्याक गरिदिनोस न् ।

Take something away from = कहीँबाट लिएर जानु I have to take away these books from the library मैले यी किताब पुस्तकालयबाट लैजानुपर्छ ।

Take somebody away from = कसैलाई कहिँबाट बाहिर लिएर जानु He does not like city environment so I have to take him away from here उसलाई शहरी वातावरण मन पर्दैन, त्यस कारण मैले उसलाई यहाँबाट बाहिर लैजानुपर्छ ।

Take something back = फिर्ता लिनु Normally shopkeepers don't take back the the things already sold सामान्यतया पसलेहरुले एक पटक बिक्री गरेको वस्तु फिर्ता लिन मान्दैनन् ।

Take somebody back to = सम्झना गराउनु This song takes me back to my childhood days यो गीतले मलाई मेरो बालापनको सम्झना गराउँछ ?

Take somebody before = अगाडि उभ्याउनु For coming late, he was taken before to Head master ढिला आएकोमा उसलाई प्रधान अध्यापक अगाडि लगेर उभ्याइयो ।

Take something down = झार्नु Please help me to take curtains down ! पर्दा झार्न मलाई मद्दत गर न ।

Take something down = टिपोट गर्नु It is not that much important speech to take down यो टिपोट गर्नैपर्ने किसिमको भाषण होइन ।

Take somebody in = भित्र लैजानु He has a muddy shoe, so don't take him in उसको जुत्ता हिलाम्मे छ, उसलाई भित्र नलैजाऊ ।

Take something in = श्वास लिनु Fish takes oxygen in through their gills from माछाले यसको कंचटमा रहेको प्वालबाट सास लिन्छ ।

## सुडोकु-अंक १२२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २ | | ३ |
| ५ | ९ | ३ | | | १ | | | |
| २ | | | | | ७ | ९ | ८ | |
| | | | | | ४ | ३ | | |
| | १ | | | | | | ६ | |
| | | ७ | ५ | | | | | |
| | ६ | ५ | १ | | | | | ४ |
| | | | ३ | | | ८ | ९ | ६ |
| ३ | | ९ | | | | | | |

## अंक १२१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ३ | ४ | ९ | ६ | ५ | ७ | २ | १ |
| १ | ६ | ९ | ४ | ७ | २ | ८ | ३ | ५ |
| २ | ७ | ५ | ८ | ३ | १ | ४ | ६ | ९ |
| ५ | ९ | ७ | ६ | ४ | ३ | २ | १ | ८ |
| ४ | ८ | १ | २ | ५ | ७ | ६ | ९ | ३ |
| ३ | २ | ६ | १ | ९ | ८ | ५ | ७ | ४ |
| ९ | ४ | ३ | ५ | २ | ६ | १ | ८ | ७ |
| ७ | १ | २ | ३ | ८ | ४ | ९ | ५ | ६ |
| ६ | ५ | ८ | ७ | १ | ९ | ३ | ४ | २ |

# तालिम र प्रमाणपत्र वितरणका झलकहरु












# तालिम समापन तथा प्रमाण पत्र वितरण

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत श्रम राष्ट्रिय माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिम सम्पन्न भएको छ । संस्थाले तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ता छलफल चलाएको हो । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्ने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ। विद्यालयको समन्वयमा सञ्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । एघारौं चरणको तालिममा निर्णय गर्ने सीपका बारेमा छलफल गराइएको थियो । तालिममा किशोरकिशोरीहरुले सक्रियता पूर्वक सहभागिता जनाएका थिए । विशेषगरी किशोरावस्थामा तनावलाई व्यवस्थापन गर्न सकिएन भने विभिन्न जोखिमपूर्ण व्यवहारमा लाग्न सक्ने हुनाले पनि यो तालिमलाई महत्वका साथ लिइएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले निर्णय गर्ने सीपका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए । यो जीवनोपयोगी सीप तालिमबाट किशोरीकिशोरीहरुले दैनिक जिवनमा चाहिने आवश्यम सीपहरु सिक्नुका साथै उनीहरुको पढाइमा समेत सहयोग पुगेको कुरा स्वयम किशोरकिशोरीहरुले बताएका थिए । किशोरावस्थामा गरेको निर्णयले किशोरकिशोरीहरुको पूरै जीवनभरी नै प्रभाव पार्ने हुनाले हतारमा विचारै नगरी निर्णय गर्नु हुँदैन भन्ने कुराका बारेमा उनीहरुलाई आधारभूत ज्ञान यो तालिमबाट प्राप्त भएको छ । तालिममा नियमित सहभागी भएका किशोरकिशोरीहरुलाई एक कार्यक्रमको आयोजना गरी प्रमाण पत्र वितरण समेत गरिएको थियो । प्रमाण पत्र वितरण कार्यक्रम विद्यालयका शिक्षक, बालबालिका, अभिभावक तथा संस्थाका कार्यक्रम व्यवस्थापकको समेत सहभागिता रहेको थियो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले आफूले तालिममा सिकेका कुरा साथीहरुबीचमा पनि छलफल गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । त्यसैगरी संस्थाका कार्यक्रम व्यवस्थापकले कार्यक्रमको महत्वको बारेमा प्रकास पार्दै विद्यालयले तालिमका लागि सहभागीहरुलाई हौसलासहित उपस्थिती गराएकोमा आभार प्रकट गर्नु भएको थियो । उहाँले जीवनोपयोगी सीपको महत्वको बारेमा समेत स्पष्ट पार्नु भएको थियो ।

कार्यक्रममा बोल्दै विद्यालयका शिक्षकले बाल विकास समाजले बालबालिकाहरुका लागि सञ्चालन गरेको यो जीवनोपयोगी सीप तालिम एकदम महत्वपूर्ण रहेको किनभने अवका बालबालिकाहरुले ११ र १२ मा पनि जीवनोपयोगी सीप विषय लिएर पढने हुनाले पनि यो तालिम सहयोगी हुने कुरा बताउनु भएको थियो । यो तालिमका लागि संस्थालाई धन्यवाद समेत उहाँले दिनु भएको थियो ।

**बालबालिकाहरू रेडियो कार्यक्रममा सहभागी**

बाल विकास समाजको समन्वयमा श्रम राष्ट्रिय माद्यमिक विद्यालयमा रहेको बालक्लवका ६ जना




बालबालिकाहरु रेडियो काठमाडौंको मास्टर माइन्ड कार्यक्रममा सहभागी भएका छन् । उक्त कार्यक्रममा सहभागी भएर आफूमा भएको विभिन्न प्रतिभाहरु प्रस्तुत गरेका थिए । १५ दिनमा एक पटक रेडियो काठमाडौमा प्रत्यक्ष प्रसारण हुने मास्टर माइन्ड कार्यक्रमले बालबालिकाहरुको प्रतिभा उजागरमा थप टेवा पुर्‍याएको छ । बालबालिकाहरुले उक्त कार्यक्रममार्फत आफ्नो प्रतिभा देखाउने अवसर पाउँछन् । यसलाई बाल प्रतिभाको सम्मानका रुपमा पनि लिन सकिन्छ। कार्यक्रममा सहभागी भएका बालबालिकाहरु निकै खुशी देखिन्थे आफ्नो प्रतिभा देखाउन पाउँदा ।

**संवाददाता : गोविन्द वि. क.**

बाँकी ८ पेजमा



## विस्थापित...

गर्न राजधानी आएका छन् । भारतले खाल्डो खनेर बाटो अवरोध गरेको छ । २५ जना महिलासहित ६० जना सुस्ताबासी १० दिन अगाडिबाट काठमाडौं आएर थापाथलीस्थित कालमोचन घाटमा बसेर समस्या समाधानको लागि सरकारसमक्ष माग गरिरहेका छन् । भारतले बाटो अवरोध गरेपछि बालबालिकालाई विद्यालय जान र सर्वसाधारणलाई हाटबजार गर्न असुविधा पुगिरहेको छ । सुस्ताबाट आएका जनताले प्रधानमन्त्रीलाई भेटेर समस्या हल भएपछि मात्र घर फर्किने बताएका छन् । भारतीय सुरक्षा बलले नेपाली भूभागमा सडक बनाइरहेको छ । भारतले नेपाली हिँड्ने बाटो अवरोध गरेपछि सुस्ता गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले भारतीय सुरक्षा बलसमक्ष बाटो खोल्न आग्रह गरेका थिए । तर सुरक्षा बलले अध्यक्षको कुरा सुनेन । नेपाली लालपुर्जा भएको जग्गामा भारतीयले बाटो बनाइरहेको सुस्ता बचाउ अभियानका गोपालप्रसाद गुरुङ बताउँछन् ।

## सिकेविरुद्ध...

द्वन्द्वको विरोधमा आफ्नो अभियान केन्द्रित हुने बताएका छन् । साथै मधेसमा सक्रिय सिके राउतको समूहलाई निस्तेज पार्ने आफूहरुको अभियानको उद्देश्य रहेको उनीहरुले बताएका छन् । छिट्टै सिके राउतको आन्दोलनलाई निस्तेज बनाउन असहयोग आन्दोलन गर्ने उनीहरुले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## आँधीअघिको...

तर प्रधानमन्त्री ओली भने श्रीमतीका साथ ठाँटिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग फोटो सेसन गर्न अमेरिका पुगे र कोस्टारिकाबाट मानार्थ डाक्टर उपाधि लिएर फर्के । राष्ट्रिय ढिकुटी खर्चिएर महँगो विदेश सयर गरिनुले सरकारको मितव्ययिताको नीति हात्तीको देखाउने दाँत मात्र भएको पुष्टि गर्छ । झन्डै दुई दर्जनको सरकारी जम्बो टोली लिएर अमेरिका भ्रमणमा जाने प्रधानमन्त्रीले समृद्ध नेपाल बनाउलान् भनेर कसैले पनि विश्वास गरेका छैनन् ।

एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाभित्र असन्तुष्टिका स्वरहरु सुनिनु लाजमर्दो विषय हो । वरिष्ठ नेता माधव नेपाल र उनको समूह पार्टी नेतृत्वका कार्यशैलीप्रति आक्रोशित देखिएको छ । नेता नेपालले सदनभित्रै सरकारको तीव्र आलोचना गर्नुले पार्टीभित्र मानसिक विभाजन र गुट उपगुटको अस्तित्व यथावत रहेको प्रस्ट पार्छ । आफ्नो समूहलाई छुट्टै चियापान खुवाएर नेता नेपालले पार्टी अध्यक्ष ओलीलाई अलग चुलाचौका गर्न सक्ने संकेत गरेका छन् । देश डुब्यो बचाउ भन्दै प्रधानमन्त्री ओली देश र जनताप्रति जिम्मेवार छैनन् भन्ने सन्देश प्रवाह गरिदिएका छन् ।

पार्टीलाई जानकारी समेत नगराई नेकपा अध्यक्ष प्रचण्डले दिल्ली भ्रमण गरे । उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग झन्डै डेढ घन्टा 'वान टु वान' भेटवार्ता गरे प्रचण्डले । गृहमन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुष्मा स्वराज, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग पनि वार्ता गरे । दिल्लीमै रहँदा प्रचण्डले हिन्दुस्तान टाइम्सको अनलाइन संस्करणलाई अन्तर्वार्ता दिँदै २ वर्षपछि आफू प्रधानमन्त्री हुने दाबी गरे । एमालेसँग पार्टी एकीकरण गर्दा प्रधानमन्त्री ओलीसँग यही सहमति भएको उनले खुलासा गरे । सहमति पालना नगरिए त्यसको निर्णय त्यतिबेलै लिइने उनको भनाइले केपी ओली १७ महिनापछि प्रधानमन्त्रीबाट विस्थापन हुने संकेत गरेको छ । ओली सरकारको कूटनीतिको तराजु उत्तरतिर बढी झुकेको साउथ ब्लकको विश्लेषण देखिन्छ । नेपालमा बढ्दो चिनियाँ लगानी र प्रभावलाई रोक्न भारतले ओलीको विकल्पका रुपमा प्रचण्डलाई अघि सारिरहेको बुझ्न गाह्रो छैन । महाराष्ट्रको पुणेमा आयोजित बिमस्टेक संयुक्त सैन्य अभ्यासमा भाग नलिने सरकारको निर्णयपछि मोदी सत्ता ओलीसँग रुष्ट भएको छ । चीनसँग संयुक्त सैन्य अभ्यास गर्ने तर भारतको नेतृत्वमा भएको संयुक्त सैन्य अभ्यासमा भाग नलिने भन्दै भारतीय शासकहरु जंगिएका छन् । एकातिर पार्टीभित्रै माधव गुट रुष्ट हुनु, भारत दाहिने नदेखिनु अनि जनतामा घोर निराशा छाउनुले ओलीको सत्ता आयु छोटिँदै गएको बुझ्न सकिन्छ ।

सिके राउत जस्ता विखण्डनकारीका नाइकेले 'मधेस इज नट नेपाल' लेखिएका ब्यानर प्लेकार्ड बोकेर राष्ट्र विखण्डनको नारा लगाउँदा सरकार रमिते भएर बसिरहेको छ । राउतलाई पक्रिएर जेल कोच्ने हिम्मत सरकार गर्न सक्दैन । पृथक राजनीतिक विचार राखेकै कारण नेकपा (विप्लव समूह) का नेता कार्यकर्ताहरुलाई अकारण पक्राउ गरिरहेको छ सरकार । एकातिर वार्ताको नाटक मञ्चन अर्कोतिर नेताहरुको गिरफ्तारी, यस्तो दोहोरो सरकारी चरित्रले देशलाई मुठभेडको राजनीतितर्फ धकेल्दै लगेको छ ।

विपक्षीमाथि अरिंगालझैँ खनिन आफ्ना सुण्डमुण्डहरुलाई आदेश दिएर प्रधानमन्त्रीले स्थितिलाई उत्तेजित बनाइरहेका छन् । माधव नेपालले सरकारको कार्यशैलीको आलोचना गर्दा ओलीका राजनीतिक सल्लाहकार नै ओली अरिंगालका रुपमा नेपालमाथि खनिनु र नेपाल पक्षकाले व्यंग्यात्मक शैलीमा जवाफ फर्काउनुले पार्टीभित्र माधव-ओली गुटको रस्साकस्सी सतहमै देखिएको छ । माधव नेपाल अफ्रिकी देशको भ्रमणमा गएको मौका छोपेर ओली र प्रचण्डले मनोमानी ढंगले आआफ्ना मानिसलाई राखेर प्रदेश समितिका संयोजक, सहसंयोजक, अध्यक्ष र सचिवहरुमा नियुक्त गरे । सहमतिविपरीत भएको यस्तो नियुक्ति खारेज गरी सहमतिमा नियुक्ति गर्न माधव नेपालले आवाज उठाइरहेका छन् । ओलीको कार्यशैली सच्याउन नेता नेपालले चालेको अभियानले पार्टी र सरकारमा ठूलै तरंग ल्याएको छ र यो तरंग तलतलसम्म फैलिसकेको छ ।

नेपालको आधिकारिक नक्सामा नेपाली भूमि लिम्पियाधुरा गायब पारिएको छ । ३ सय १० वर्गकिलोमिटर समेटिएको लिम्पियाधुरा नेपालको अभिन्न भूभाग हो । कालीनदीको उद्गमस्थल लिम्पियाधुरा भएको सन् १८१६ को सुगौली सन्धिमा स्पष्ट छ । सन् १८५६ सम्मका भारतीय नक्सामा समेत लिम्पियाधुरा देखिन्छ । यसपछिका नक्सा र दस्तावेजमा भारतले लिम्पियाधुरा भारतमा पारिएको छ । नेपालको आधिकारिक नक्सामा लिपुलेकको लिपुखोलालाई काली नदी मानी नक्सा बनाइएको छ । तर नेपालको निशाना छापमा त कालापानी र लिपुलेक समेत गायब छ । भारतले बनाएको नक्सा प्रयोग गरेर बनाइएको निशाना छापमा कालापानी र लिपुलेकको ६२ वर्गकिलोमिटर क्षेत्र छैन । भारतले नेपाली भूभागमाथि अतिक्रमण गर्ने कार्यलाई रोकेको छैन ।

नवलपरासीको सुस्ता भारतले निल्न लागिसक्यो । सुस्ताको ४० हजार ९ सय ८० हेक्टर जग्गामध्ये १४ हजार ५ सय हेक्टर भारतले अतिक्रमण गरिसकेको छ । बाँकी १९ हजार ४ सय ८० हेक्टरमा समेत भारतले जोतभोग गर्न दिएको छैन । अतिक्रमणविरुद्ध सुस्ताबासी वर्षौंदेखि आन्दोलित छन् । संघर्षमा उत्रेका एक दर्जनले ज्यान गुमाइसकेका छन् । अहिले सुस्ताको अतिक्रमित भूमिमा भारतले नेपाली आवतजावत गर्ने बाटै बन्द गरिदिएपछि सुस्ताबासी न्याय खोज्दै काठमाडौं आएका छन् । तर सरकार सुस्ताको समस्या सम्बोधन गर्न तयार छैन । सुस्ताको २६ किलोमिटर क्षेत्रको स्ट्रिप म्याप बनेको छैन । सुस्तामा सिमांकन गर्न सीमा सर्वेक्षण टोली पठाउन सरकार तयार छैन । पूर्व इलाम, पाँचथर झापादेखि सुदूरपश्चिम कञ्चनपुरसम्म भारतले ८६ स्थानमा सीमा अतिक्रमण गरेको छ । तर सरकार भने बेखबर झैँ छ । राष्ट्रियताका सन्दर्भमा समेत ओली सरकार नराम्रोसँग चिप्लिरहेको छ । ओली सरकार विचार, राजनीति, नैतिकता, आदर्श सबैमा विमुख हुँदै गइरहेको छ । सरकार आफ्ना विरोधी पार्टी, वर्ग, जनता र समाजमा निरंकुशता लादिरहेको छ । यौन अपराध र हत्या, सुनचोरी र तस्करी महँगी भ्रष्टाचार र माफियाकरणप्रति सरकार कठोर बन्न चाहेको पाइँदैन । समाजका विभिन्न स्तरबाट सरकारको कार्यशैलीको विरोध भइरहेको छ । यसले फेरि राजनीतिक स्थिरता खलबलिने खतरा त छँदैछ, देश नयाँ द्वन्द्वमा फस्ने सम्भावना बलशाली बन्दै गएको देखिँदैछ ।

## मर्मतको...

नसकिए हराउने खतरा बढेको छ । ६४३(१४), ६४४(१६), ६४५(१७ र १) र ६५४(४०) नम्बरका मुख्य सीमास्तम्भ फेला नपरेको सशस्त्र प्रहरीले जनाएको छ । त्यस्तै ६४ ३ र १(१५), ६४३ र २(१५ र १), ६४४ र १(१६ र १), ६४४ र २(१७) र ६४५ र १(१८) नम्बरका सहायक सीमा स्तम्भ पनि फेला परेका छैनन् ।

फेला नपरेका सीमा स्तम्भ खोज्न समस्या भएको सशस्त्र प्रहरीले जनाएको छ । 'मुख्य चार र सहायक पाँचवटा स्तम्भ फेला परेका छैनन,' एसपी शाहले भने, 'ती सीमा स्तम्भ भएका स्थानमा उत्खनन गर्न भारतीय र नेपाली पक्षबीच सहमति चाहिन्छ ।' मर्मतसम्भार हुन नसक्दा पुरिएको हुन सक्ने अनुमान गरिएको छ।

बाँकेको भारतसँग जोडिएको ६५ किलोमिटर सीमामा रहेका चार मुख्य र पाँच सहायक स्तम्भ हराएका छन् । जहाँ ३२ मुख्य र २ सय ७५ सहायक सीमा स्तम्भ रहेको अभिलेख छ । अस्तित्वमा रहेकामध्ये २५ वटा सीमा स्तम्भ तत्काल पुनर्निर्माण गर्नुपर्ने अवस्थामा छन् ।

नेपाल-भारत संयुक्त टोलीले गरेको सर्भेअनुसार सीमा स्तम्भ मर्मतसम्भार हुने बाँकेका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले जानकारी दिए । सीमा क्षेत्रमा रहेका जोर स्तम्भ भारत र बिजोर स्तम्भ नेपालले मर्मत तथा पुनर्निर्माण गर्ने उनले बताए । आफू नयाँ भएकाले यहाँको वस्तुस्थितिबारे त्यति जानकार नभएको प्रमुख जिल्ला अधिकारी भुजेलको भनाइ छ ।

## नुवाकोटमा...

राष्ट्रियताको रक्षा हुन सक्दैन भन्नुभयो । मुलुकका यिनै जल्दाबल्दा समस्या लिएर जनतासामु नेकपा माले आइरहेको र झूटो आश्वासन र राष्ट्रघातविरुद्ध आन्दोलन गर्दै मालेले राष्ट्रियताको रक्षा र समुन्नत नेपालको मार्गचित्र कोर्नका लागि अघि बढेकाले साथ सहयोग गर्न नुवाकोटबासी जनतामा अपिल गर्नुभयो ।

मालेका केन्द्रीय सदस्य तथा प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष केदार गिरीले वर्तमान सरकार कम्युनिस्ट सरकार नभएर कमाउनिस्ट सरकार भएकाले यसले मजदुर तथा सर्वसाधारण जनताको हित गर्नेभन्दा चौतर्फी भ्रष्टाचारको जालो फैलाएर आफ्नो मात्र हित गर्छ भन्नुभयो । मजदुरका समस्यामाथि चर्चा गर्दै २१४ जना भरौटे राखेर पारित गरेको १३४०० ज्याला पनि मजदुरलाई नदिएकोमा आपत्ति प्रकट गर्दै एउटा सामान्य परिवारको खर्च धान्न पनि ३० हजारले नपुग्ने अवस्थामा मजदुरको पारिश्रमक ज्यादै न्यून तोकिएकोमा त्यसको विरोध गर्नुभयो । सरकारका सबै गलत कामकारबाहीको भण्डाफोर गर्न नेकपा माले जनतासमक्ष आएको उहाँले प्रस्ट पार्नुभयो ।

अर्का केन्द्रीय सदस्य सतीश तिम्सिनाले प्रधानमन्त्रीले नेपालमा समृद्धि आयो भनेर चिच्याए पनि झन् गरिबीमा देश फस्दै गएको बताउनुभयो । उद्योगधन्दा कलकारखानाको विकास गरी लाखौंको संख्यामा रोजगारी सिर्जना नगरेसम्म समृद्धि नआउने दाबी उहाँले गर्नुभयो । उहाँले कृषि अर्थतन्त्रको विकास, जलस्रोत, पर्यटनको विकास र सुशासनले मात्र समृद्धि सम्भव हुने भन्दै त्यसका लागि नौलो जनवाद आवश्यक रहेको भन्दै अहिले समाजवाद उन्मुख अर्थतन्त्र भनेर जनता झुक्याउने काम भएको बताउनुभयो । जनता झुक्याएर दुईतिहाई बहुमत पुऱ्याए पनि मार्क्सवादको सिद्धान्त र आदर्शबाट यिनीहरु पूरै च्यूत भएका कारण अब नयाँ शिराबाट कम्युनिस्ट आन्दोलन अघि बढाउन आवश्यक भएको र त्यसको नेतृत्व नेकपा मालेले गर्ने उहाँले बताउनुभयो । निर्मला हत्या काण्डको प्रसंग उल्लेख गर्दै यो हत्याकाण्ड पनि नमिता-सुनिता काण्ड जस्तै हत्यारा पत्ता नलाग्ने सम्भावना भएको बताउनुभयो ।

केन्द्रीय सदस्य सिद्धि महर्जनले यो सरकार जनताको हितमा भन्दा मालिकको हितमा काम गरिरहेकाले तराईमा भारतीयलाई जथाभावी नागरिकता बाँडेकाले ती खारेज हुनुपर्छ भन्नुभयो । शिक्षा, स्वास्थ्यमा भएको व्यापारीकरणले गरिब जनता सेवा सुविधाबाट वञ्चित भएको भन्दै उहाँले विकासका नाममा आदिबासीलाई घर भत्काएर सुकुम्बासी बनाइरहेकोमा चिन्ता प्रकट गर्नुभयो ।

केन्द्रीय सदस्य दिनेश खातीले युवा स्वरोजगारको नाममा ३२ करोड घोटाला गर्नेहरुलाई अख्तियारको कठघरामा उभ्याउन ध्यानाकर्षण गराउनुभयो । प्रधानमन्त्रीले रेल, पानीजहाजका ठूला कुरा गरेर बाटाघाटाका सामान्य खाल्डाखुल्डी पुर्ने र सरसफाइ गर्ने कुराबाट समेत चुकिरहेको बताउनुभयो । सीमा अतिक्रमणबारे प्रधानमन्त्री किन मौन भनेर उहाँले प्रश्न गर्नुभयो ।

कार्यक्रममा अनेरास्ववियु पाँचौंका अध्यक्ष घनश्याम मिश्र, युवा नेता उदिम खड्का, नुवाकोटका सचिव कृष्णहरि गजुरेल, किसान संगठनका नेता सुरथ चौंलागाईं, ब्युरो प्रमुख तीर्थ सिलवाल, महिला नेतृ राममाया लामिछाने, नेता वसन्तबहादुर खत्रीले पनि सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन दिलनाथ पुडासैनीले गर्नुभएको थियो ।

## जागरण...

जस्ता सामाजिक विकृतिविरुद्ध सरकारको गम्भीर ध्यानाकर्षण गराउने लगायतका कार्यहरु अभियानका दौरानमा गरिनेछन् ।

संविधानमा मौलिक हकका रुपमा लेखिएको शिक्षा, स्वास्थ्यमा भइरहेको व्यापारीकरण रोक्ने र सबैका लागि निःशुल्क शिक्षा र स्वास्थ्य कार्यान्वयनमा जोड दिँदै सरकारको ध्यानाकर्षण गराइनेछ । गौशालाको कोणसभाबाट अभियानको घोषणा गरेका अध्यक्ष मिश्रले बढ्दो सीमा अतिक्रमण रोक्न सीमामा सुरक्षा फौजको तैनाथीका साथै कूटनीतिक प्रयासबाट सीमा समस्या समाधान गर्न माग गरेका छन् । कोण सभालाई संगठनका महासचिव कपिल पोखरेल र जिल्ला कमिटीका सचिव मणिराम पाण्डेले पनि सम्बोधन गर्दै समसामयिक समस्याप्रति सरकारको ध्यानाकर्षण गराएका छन् ।

## काठमाडौंमा...

सांस्कृतिक क्षेत्रमा ख्याति कमाएका सबै व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

समारोहमा सबैलाई स्वागत गर्दै नेपालका लागि जर्मनीका राजदुत रोलाण्ड सेफरले २८ वर्षअघि भएको जर्मनीको पुनर्एकिकरण जर्मनीको मात्रै नभई पुरै युरोपको पुनर्एकिकरण थियो भन्नुभयो । यस वर्ष जर्मनी र नेपालको कुटनीतिक सम्बन्धको स्थापना भएको ६० वर्षगाँठ मनाइरहँदा हामी गौरवसाथ भन्दछौं कि हाम्रा दुवै देशहरु बहुलवादप्रति प्रतिबद्ध छौं ।

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको सदस्यको निर्वाचनमा नेपालले जर्मनीलाई साथ दिएकोमा हामी नेपालप्रति कृतज्ञ छौं भन्दै राजदुत सेफरले प्रधानमन्त्री केपी ओलीले सुरक्षा परिषदको संरचनामा सुधार गर्नुपर्दछ भन्ने जुन माग राख्नु भएको छ, त्यसमा जर्मन सरकार सकारात्मक रहेको बताउनुभयो । नेपालले शान्ति सेना पठाएर विश्वशान्ति कायम गर्न जुन योगदान गरिरहेको छ, त्यसलाई म सलाम गर्छु भन्दै राजदुत सेफरले नेपालको सन् २००६ बृहत शान्ति सम्झौता द्वन्द्व समाधान गरी शान्ति कायम गर्ने विश्वकै लागि एक अपूर्व उदाहरण भएको बताउनुभयो ।

जलवायु परिवर्तन र यससम्बन्धी पेरिस सम्झौताप्रति हाम्रा दुवै राष्ट्रहरुको समान प्रतिबद्धता छ भन्दै राजदुत सेफरले नेपालको सामाजिक आर्थिक विकासमा जर्मन सरकारको सहयोगले निरन्तरता पाउने बताउँदै आगामी दुई वर्षभित्र जर्मनीले नेपाललाई ५५ दशमलव ६ मिलियन युरोको सहयोग गर्ने बताउनुभयो ।

समारोहमा यस ग्रेटर नेपाल साप्ताहिकका प्रकाशक/सम्पादक तथा नेपाल जर्मन एकेडेमिक एसोसियसनका निवर्तमान अध्यक्ष सुरेन्द्र ढकाल तथा पूर्व अध्यक्ष डा. रोशाना श्रेष्ठ पनि आमन्त्रित हुनुहुन्थ्यो ।

## व्यापारघाटा...

नेपालले भारतबाट १ खर्ब ४६ अर्बको मालवस्तु आयात गर्दा ८ अर्ब ३२ करोड रुपैयाँको मात्रै निर्यात गर्न सकेको छ । जसबाट नेपालले भारतसँग १ खर्ब ३७ अर्ब रुपैयाँ बराबरको व्यापारघाटा व्यहोरेको छ । त्यस्तै नेपालले चीनसँगको व्यापारमा २८ अर्ब ७८ करोड रुपैयाँ नोक्सान खेप्नु परेको छ । यस अवधिमा १ सय २५ भन्दा बढी मुलुकसँग नेपालले व्यापार गरेको छ । जसमध्ये एक सय मुलुकसँग नेपालको व्यापार घाटामा गएको छ । व्यापार भएकामध्ये १६ वटा मुलुकसँग नेपालले १ अर्बभन्दा बढी रुपैयाँका दरमा व्यापारघाटा व्यहोरेको छ ।

पछिल्ला दुई महिनामा नेपालमा आयात ४२.६९ प्रतिशतले बढेर २ खर्ब ३२ अर्ब पुगेको छ । मुलुकमा उपभोग, निर्माण तथा औद्योगिकीकरण बढ्दै जाँदा सम्बन्धित मालवस्तुको आयात उच्चदरमा बढेको हो । यातायात र अटोमोबाइलको क्षेत्र पनि व्यापक रुपमा विस्तार भइरहेको छ । भूकम्पपछिको पुनर्निर्माण तथा नवनिर्माणले समेत गति लिइरहेको छ । पछिल्ला समयमा नेपालको हवाई क्षेत्रको वृद्धिदर पनि सकारात्मक रुपमा बढेको छ । खासगरी हवाईजहाज तथा पार्टस पेट्रोलियम पदार्थ, स्टिल, सवारी साधन र पार्टस मेसिनरी लगायतको आयात उच्च दरमा बढेको छ । आयात उच्च दरमा बढे पनि नेपालको निर्यात भने सुस्त देखिएको छ । पछिल्ला दुई महिनामा नेपालले १४ अर्ब ६९ करोड रुपैयाँ बराबरको मालवस्तु निर्यात गरेको छ । यो अघिल्लो आवको सोही अवधिको तुलनामा ८.०३ प्रतिशतले बढी हो ।

आर्थिक वर्ष २०७५।७६ को पहिलो दुई महिनामा डिजेल १५ अर्ब ९२ करोड ६३ लाख २५ हजार, पेट्रोल ६ अर्ब १० करोड १४ लाख ३४ हजार, एलपी ग्यास ५ अर्ब ६३ करोड ६ लाख ७५ हजार, फलामजन्य कच्चापदार्थ अर्ध तयारी सामान १३ अर्ब ३२ करोड ८१ लख ५ हजार, हवाईजहाज तथा अन्यजहाज १२ अर्ब ६९ करोड १४ लाख ३४ हजार, सुन ४ अर्ब ८२ करोड ७६ लाख ६६ हजार चामल ४ अर्ब २२ करोड ४० लाख ६ हजार, मोबाइल फोन ३ अर्ब ८६ करोड ७५ लाख १० हजार, फलामे पाता (रोलिङ स्टिल) ३ अर्ब ५८ करोड ६० लाख २४ हजार र कोइला ३ अर्ब ४० करोड ९० लाख ३७ हजारको आयात भएको भन्सार विभागको तथ्यांक छ ।

## भारतमा चर्किंदै...

प्रमुख नरेश टिकैतले आन्दोलन जारी रहने बताएका छन् । भीड रोक्न प्रहरीले अश्रुग्यास, लाठीचार्ज र हवाई फायर गरेको थियो ।

किसान आन्दोलनमाथिको सरकारी दमनको कांग्रेस आईले दिल्लीका बादशाह सत्ताको नसामा भन्दै विरोध गरेको छ । 'मर जवान मर किसान' व्यवहार सरकारले गरेको राष्ट्रिय जनता दलका लालु यादवले भनेका छन् । बहुजन समाजवादी पार्टी अध्यक्ष मायावतीले मोदी निरंकुश भएको भन्दै विरोध गरेकी छन् । मार्क्सवादी कम्युनिस्ट पार्टीका महासचिव सीताराम यचुरीले मोदी सरकार किसान विरोधी भएको दाबी गरेका छन् । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल, समाजवादी पार्टीका अध्यक्ष अखिलेस यादवले पनि किसान आन्दोलनको समर्थन गरेका छन् ।

६० वर्ष उमेर पुगेका किसानलाई पेन्सन, प्रधानमन्त्री फसल बिमा योजना परिवर्तन, उखुको मूल्य तत्काल भुक्तान, किसानको ऋण माफी, सिंचाइका लागि निःशुल्क विद्युत, क्रेडिट कार्डबाट निर्ब्याजी ऋण, छाडा छौपायबाट फसल संरक्षण, सरकारले सबै उत्पादन किन्नुपर्ने, स्वामीनाथको प्रतिवेदन लागू, उखुको मूल्य भुक्तानीमा विलम्ब भए ब्याज पनि पाउनुपर्ने माग किसानहरुले राखेका छन् ।

## आफैं...

निर्णय सन् २००८ मा नै भएको थियो । यो सम्झौता भएको अर्को वर्ष दश वर्ष हुँदैछ तर अझै जिएमआरले काम शुरु गरेको छैन ।

भारतलाई विद्युत निर्यात गर्ने उद्देश्य राखेको यो योजना निर्माण गर्ने कार्यको जिम्मा पाएको जिएमआर कम्पनी भनेको त्यही कम्पनी हो जस्ले भारतको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य समयमै सम्पन्न गरी प्रशंसा बटुलेको थियो तर किन हो यसले अप्पर कर्णालीको कार्य शुरु गर्न चाहेको वा सकेको छैन् । नेपालका जलविद्युत योजना कार्यान्वयन गर्ने भन्दै सम्झौता गरी आयोजनालाई आफनो झोलामा हाल्ने अनि आफू पनि कार्यान्वयन नगर्ने र अरुलाई

हामीसँग सम्झौता भइसकेको छ भनी कार्यान्वयन गर्न नदिने भारतीय रणनीतिको चंगुलमा नेपाल फसेको विज्ञहरु बताउँछन् । पीपीपी मोडेलमा बनाइ संचालन गर्ने र निश्चित अवधिपछि नेपाललाई हस्तान्तरण गरिने भनिएको यो योजना सम्पन्न भएपछि नेपालले १२ प्रतिशत याने १०८ मेगावाट बिजुली निशुल्क प्राप्त गर्ने, बिजुली बिक्रीबापत ३०० अरब रुपैयाँ नेपाल सरकारमा कर दाखिला हुने र आयोजना क्षेत्रका दुई हजार जनताको लागि आम रोजगारको समेत स्रोत हुने कुरा सम्झौतामा उल्लेख थियो । यसरी दाखिला हुने ३०० अरबको ५० प्रतिशत नेपालको केन्द्र सरकारको ढुकुटीमा जाने, ३८ प्रतिशत आयोजना रहेको विकास क्षेत्रले प्राप्त गर्ने र १२ प्रतिशत आयोजनास्थल रहेको ३ जिल्लाले प्राप्त गर्ने जनाइएको थियो ।

आयोजना बन्ने क्रममा आयोजना र त्यस वरिपरिको स्थलमा सडक, पुल विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक केन्द्रहरु बन्ने र आयोजना क्षेत्रका जनताका लागि वित्तीय सहयोग समेतको सीपमूलक तालिम प्रदान गर्ने कुरा पनि उल्लेख थियो । स्थानीय जनता, नेपाल सरकार र निर्माण गर्ने कम्पनी गरी सबै पक्षलाई फाइदा हुने, प्रतिविद्युत युनिट मूल्य ज्यादै कम भएको भनिएको यस आयोजनाको मुख्य चुनौति आयोजनाको लागि जग्गा प्राप्ति, आयोजनास्थलको जनताको पुनर्वास र दिगो वातावरणीय व्यवस्थापन भनिएको थियो ।

अन्तर्राष्ट्रिय फाइनान्स कम्पनी, आईएफसी इन्फ्राभेन्चर र जिएमआर ग्रुप मिली ११६ अरब डलरको लागत जुटाइ निर्माण कार्य शुरु गर्ने भनिएको र सोहीबमोजिम १९ सेप्टेम्बर २०१४ मा नेपाल सरकार र जीएमआरबीच आयोजना कार्यान्वयन शुरु गर्ने भनी आयोजना विकास सम्झौता (Project Development Agreement) पनि भएको थियो तर पनि आजसम्म आयोजनाको लागि वित्तीय स्रोत जुट्न नसकेको जनाइएको छ । यसै कारण जिएमआर कम्पनीले बारम्बार नेपाल सरकारसमक्ष अनुमती लाइसेन्स नवीकरण गर्न आग्रह गरिहेको छ । लाइसेन्स नवीकरण हुने तर काम शुरु नहुने परिप्रेक्ष्यमा अब नेपाल सरकारले तुरुन्तै जिएमआरसँगको आयोजना सम्झौता खारेज गरी कन्सोर्टियम फाइनान्सको माध्यमबाट आन्तरिक स्रोत परिचालन गरी यो आयोजना आफ्नै पुँजीबाट बनाउनुपर्दछ भन्ने आवाज उठिरहेको छ ।

माथिल्लो कर्णाली मात्रै नभई भारतसँग र भारतीय कम्पनीहरुसँग सम्पन्न भएका अन्य जलविद्युत आयोजनासम्बन्धी सम्झौता समेत सबै खारेज गरी सरकारले त्यसको विकल्प नखोजे नेपालको पूर्ण क्षमता बमोजिमको विद्युत कहिले उत्पादन हुन नसक्ने अनि नेपालको सबै आयोजना ओगटेर मात्र राख्ने तर काम नगर्ने भारतीय प्रवृतिबाट नेपाल कहिले मुक्त नहुने विशेषज्ञहरु बताउँछन् ।

# मालपोत र नापी भ्रष्टाचारको अखडा

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नवीन कुमार घिमिरेले मालपोत र नापी कार्यालयहरुमा भ्रष्टाचार व्याप्त रहेको बताएका छन् ।

'काठमाडौंको गोठाटारमा रहेको ४० रोपनी जग्गा कर्मचारीले अभिलेखमा नराखी व्यक्तिका नाममा दर्ता गरिदिएको र त्यसमा ८० जनासम्म संलग्न रहेको आयोग प्रमुख घिमिरेको दाबी छ ।

बुधबार राज्य व्यवस्था समितिमा उपस्थित घिमिरेले धादिङमा एउटै मुद्दामा ४७ जनाविरुद्ध मुद्दा चलाएको समेत बताए । भ्रष्टाचारको अनुसन्धान गर्दै जाँदा मालपोत र नापीमा कर्मचारी नै नहरने अवस्था आएको भन्दै उनले यो अख्तियार, नागरिक समाज सबैका लागि चुनौती भएको बताएका छन् । नापी र मालपोतका कर्मचारीले सेवाग्राहीसँग सिधै घुस नलिएर नयाँनयाँ उपाय खोजेको उनले बताए ।

घिमिरेले अख्तियारले साना माछा मात्रै समात्यो र ठूला माछा हेरेन भन्ने आरोप सत्य नरहेको बताए । दुई रुपैयाँ भ्रष्टाचार भएको भए पनि त्यो अपराध हो भनेर काम गरिरहेको उनले बताए । भैरहवाको एउटा मुद्धामा डीआईजीले ३ करोड भ्रष्टाचार गरेको विषयमा अनुसन्धान भइरहेको उनले बताए ।

हार्दिक शुभकामना
हिन्दुहरूको महान पर्व बडादशैं तथा शुभ दीपावली (तिहार) को हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।
संघरत्न बज्राचार्य
प्रोप्राइटर
सुमंगल ज्यासं पस
ललितपुर